
# धर्मचक्षु

# DHARMA CHAKSHU

(Buddhist Bi-Monthly
Pokhara, Nepal



धर्मशीला बुद्ध विहार, पोखरा

वर्ष - ५ , अङ्क - ३ , पूर्णाङ्क - ११ कार्तिक - मंसीर, २०५८

श्रद्धेय अनगारिका

धर्मशीला गुरुमाको १५औं पूण्य तिथिमा

उहाँ प्रति हार्दिक श्रद्धाञ्जली

व्यक्त गर्दछु ।

✳✳✳✳✳

श्रीमती चिनीमाया राजभण्डारी

माटेपानी

पोखरा

श्रद्धेय अनगारिका

धर्मशीला गुरुमाको १५औं पूण्य तिथिमा

उहाँ प्रति

हार्दिक श्रद्धाञ्जली

व्यक्त गर्दछु ।

✳✳✳✳✳✳✳

रत्न श्री जीम

कोपिलढुङ्गा, पोखरा – ३

फोन नं.:- २२३१८

श्रद्धेय अनगारिका

धर्मशीला गुरुमाको १५औं पूण्य तिथिमा

उहाँ प्रति हार्दिक श्रद्धाञ्जली

व्यक्त गर्दछु ।

❀❀❀❀❀❀

कृष्ण कुमारी ताम्राकार

तेर्सापट्टी

पोखरा

श्रद्धेय अनगारिका

धर्मशीला गुरुमाको १५औं पूण्य तिथिमा

उहाँ प्रति हार्दिक श्रद्धाञ्जली

व्यक्त गर्दछु ।

✳✳✳✳✳

ले. काशी गुरुङ

श्याम सायङ्

पोखरा

**प्रधान सम्पादक**
**र**
**प्रकाशक**
भिक्षु श्रद्धानन्द
फोन :- २०५७१

**सम्पादक/व्यवस्थापक**
तिलकमान गुभाजू
फोन :- २०२४६

**कार्यालय**
धर्मशीला बुद्ध विहार
नदिपुर, पोखरा
फोन :- २०५१७

**कम्प्यूटर सेटिङ्ग**
मिन नारायण श्रेष्ठ

**मुद्रण**
अनन्त अफसेट प्रेस
महेन्द्रपुल, पोखरा
फोन :- २१३६०

# धर्मचक्षु

# DHARMA CHAKSHU

(Buddhist Bi-Monthly
Pokhara, Nepal
**November - December 2001**
सकिमना पुन्ही

वर्ष - ५ , अङ्क - ३ , पूर्णाङ्क - ११ कार्तिक - मंसीर, २०५८



## बुद्ध वचन

यथागारं दुच्छन्नं बुट्ठी समति विज्भति ।
एवं अभावितं चित्तं रागो समिति विज्भति ॥

अर्थ

राम्ररी छाना नछाएको घरमा वर्षामा पानी चुहिए जस्तै
ध्यान भावना नभएको चित्तमा राग, द्वेष, मोहरुपी पानी चुहिन्छ ।

धर्मशीला बुद्ध विहारका संस्थापक
*अनागारिका धर्मशीला गुरुमाको*
१५औं पूण्य तिथिमा
हामी गुरुमाको गुणानु स्मरण गर्दै
हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं
र उहाँको निर्वाणलाभको
कामना गर्दछौं ।

*****

**दायक सभा परिवार**
धर्मशीला बुद्ध विहार
पोखरा

पोखरा विश्व शान्ति स्तूप
तथा
धर्मशीला बुद्ध विहारका
**संस्थापक अनागारिका**
धर्मशीलाको १५औं पूण्य तिथिमा
उहाँ प्रति हार्दिक श्रद्धाञ्जली
अर्पण गर्दछु ।

*******

कृष्ण बहादुर गुरुङ
अध्यक्ष
तथा
*विश्व शान्ति स्तूप परिवार,* पोखरा

श्रद्धेय अनागारिका
धर्मशीला गुरुमाको १५औं पूण्य तिथिमा
उहां प्रति हार्दिक श्रद्धाञ्जली
व्यक्त गर्दछु ।

✿✿✿✿✿✿

**बौद्ध उपासिक संघ परिवार**
*धर्मशीला बुद्ध विहार*
पोखरा

श्रद्धेय अनागारिका
धर्मशीला गुरुमाको १५औं पूण्य तिथिमा
उहां प्रति हार्दिक श्रद्धाञ्जली
व्यक्त गर्दछु ।

*****

**युवा बौद्ध संघ परिवार**
धर्मशील बुद्ध विहार
पोखरा

# सम्पादकीय

## श्रद्धाञ्जली

धर्मशीला बुद्ध विहारका संस्थापिका अनागारीको धर्मशीला गुरुमाको स्वर्गारोहण भएको आज १५ वर्ष भयो । उहाँको १५ औं पूण्य स्मृति दिवसमा हामी फेरि एकपटक उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं र उहाँको निर्वाण लाभको कामना गर्दछौं ।

अनागारीका धर्मशीला आफ्नो जमानाका अत्यन्त सक्रिय, सक्षम र सवल व्यक्तित्व हुनुहुन्थ्यो । उहाँ प्रतिभावान हुनुहुन्थ्यो । उहाँले पोखराको शैक्षिक जागरण, सामाजिक उत्थानदेखि लिएर राजनैतिक क्षेत्रमा पनि उत्तिकै योगदान दिनुभयो । २००७ सालमा प्रजातन्त्रकालागि भएको आन्दोलनमा उहाँको पनि महत्वपूर्ण योगदान रहेको थियो । पोखरामा महिलाहरुलाई संगठित पार्नमा उहाँले नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएको थियो ।

धर्मशीला गुरुमाले यहाँको शिक्षण संस्थाहरु स्थापना गर्ने कार्यमा अथक परिश्रम गर्नुभएको स्मरणीय छ । उहाँ श्री ५ रत्नराज्यलक्ष्मी कन्या स्कूलका संस्थापक सचिव हुनुहुन्थ्यो । त्यस विद्यालयको पुरानो भवन निर्माणमा उहाँले गर्नुभएको प्रयास सराहनीय छ ।

वास्तवमा भन्ने हो त्यसबेला उहाँको विहार शैक्षिक जागरण र सामाजिक उत्थानको केन्द्र नै भएको थियो । जहाँ जसको जे वैठक आदि गर्नुपरे पनि बुद्ध विहारमा नै हुने गर्दथ्यो । त्यसबेला पोखरामा वैठक आदिका लागि उपयुक्त घर पनि थिएन । बुद्धविहार सबैका साझा स्थल झैं थियो भने उहाँ सबैको सपंक सूत्र हुनुहुन्थ्यो । उहाँ दीन, दुःखी, पीडित परिवारको सहारा हुनुहुन्थ्यो ।

धर्मशीला गुरुमाले त्यस अवस्थामा भारतको कुशिनगरमा विहारमा गएर प्रवज्जित हुनुभयो । अनागारीका भएर फर्कदा उहाँकोलागि बस्नको लागि उपयुक्त ठाउँ भएन । उहाँका उपासिका धर्मनदीले उहाँको कठिनाईलाइ बुझेर तथा बुद्ध धर्मको प्रचारको लागि वर्तमान बुद्धविहारको जग्गा दान दिई त्यहाँ सानो विहार बनाइदिनुभयो । त्यसैलाई आफ्नो अनुकूल हुनेगरी गुरुमाले राम्रो विहारको रुप दिनुभयो । १९९८ सालमा निर्मित यहीं विहार पोखराको पहिलो विहार हो ।

उहाँले बुद्ध जयन्ती समारोहपूर्वक मनाउने परपरा बसाल्नुभयो । २०२२ सालमा ज्ञानमाला सघको स्थापना गर्नुभयो । २०२९ सालमा महापरित्राण र बौद्ध सम्मेलनको आयोजना गर्नुभयो । २०३० सालमा जापानको निप्पोनजान म्योहाजीका श्रद्धेय गुरु भिक्षु निश्दात्सु फुजी र पूर्व उपमंत्री मीनबहादुर गुरुङसँग मिलेर पोखरा विश्वशान्ति स्तूपको स्थापना गर्नुभयो । प्रत्येक वर्ष आषाढ पूर्णिमाको उपलक्ष्यमा पोखरा उपत्यकाव्यापी बुद्ध पूजा कार्यक्रमको शुरुवात गर्ने परिकल्पनाकारको रुपमा उहाँ र जापानका भिक्षु मोरियोका सोनी हुनुहुन्थ्यो । बुद्ध धर्मको प्रचारका लागि विभिन्न नयाँ-नयाँ कार्यक्रमहरुको आयोजना गर्ने र तिनीहरुलाई सफलतापूर्वक सम्पन्न गर्न सक्ने उहाँमा अद्भूत खुबी थियो ।

यस्तो प्रतिभाशाली व्यक्तित्वको २०४३साल कार्तिक २९ गते हरिबोधिनी एकादशीका दिन निधन भयो उहाँको यो १५ औं स्मृति दिवसमा हामी उहाँको गुपानुस्मरण गर्दै उहाँको निर्वाण लाभको फेरी पनि कामना गर्दछौं ।

– भवतु सब्ब मङ्गलम् ।

श्रद्धेय अनगारिका
धर्मशीला गुरुमाको १५औं
पूण्य तिथिमा उहां प्रति
हार्दिक श्रद्धाञ्जली व्यक्त
गर्दछु ।

**सी.आई. प्रेम बहादुर गुरुङ**
**रामघाट**
**पोखरा**

---

श्रद्धेय अनगारिका
**धर्मशीला गुरुमाको १५औं पूण्य तिथिमा**
उहा प्रति हार्दिक श्रद्धाञ्जली
**व्यक्त गर्दछु ।**

*******

**प्रकाश उदास**
**न्यू सिमेण्ट ब्लक इण्डष्ट्रिज**
**नयाँ बजार, पोखरा**
**फोन नं.:- २२३९३/२८३७१**

---

श्रद्धेय अनगारिका
**धर्मशीला गुरुमाको १५औं पूण्य तिथिमा**
उहा प्रति हार्दिक श्रद्धाञ्जली
**व्यक्त गर्दछु ।**

❀❀❀❀❀❀

**श्रीमती गंगा कायस्थ**
महेन्द्रपुल
**पोखरा**

---

श्रद्धेय अनगारिका
**धर्मशीला गुरुमाको १५औं पूण्य तिथिमा**
उहा प्रति हार्दिक श्रद्धाञ्जली
**व्यक्त गर्दछु ।**

*****

**श्रीमती उत्तर कुमारी पालिखे**
महेन्द्रपुल
**पोखरा**

***इतिहासमा प्रज्ञा र धर्मको विषयमा क्राइष्ट भन्दा माथि राख्न योग्य पुरुष कोही छ भने त्यो हो बुद्ध ।***
**- वर्ट्रेण्ड रसले**

# अनगारीका धर्मशीलाको जीवनी

➢ *भिक्षु श्रद्धानन्द*

पोखराको एक प्रभावशाली व्यक्तित्वको नाम हो 'धर्मशीला' । पोखरा अर्थात् पश्चिम क्षेत्रका मानिसहरुलाई बुद्ध चिन्हाउने काम उहाँले गर्नु भएको थियो । धर्म बुझाउने उहाँ नै हुनुहुन्थ्यो । पोखरामा उहाँले बुद्ध शासन स्थापना गर्नुका साथै धर्मको व्याख्यान कर्ताको रुपमा सेवा पनि गर्दै आउनु भएको थियो । उहाँले अग्रणी समाजसेवी भइ शैक्षिक सामाजिक सघसंस्थाहरु स्थापना गरेर पोखराको विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने काम गर्नु भएको थियो । पोखराका जति पनि शैक्षिक सामाजिक तथा राजनैतिक सघ संस्थाहरु स्थापना भएका छन् ती सबै सघ संस्थाहरुका सागठनिक क्रियाकलापमा उहाँ सलग्न हुनुहुन्थ्यो । उहाँ नारी उत्थानको लागि ज्यादै क्रियाशील हुनुहुन्थ्यो । त्यसैले उहाँले नारी सुधार संघ स्थापना गर्नु भएर नारी शोषण गर्नेको विरुद्ध कारवाही पनि गर्नुभयो । उहाँ जस्तो अति परिश्रमी एवं प्रभावशाली व्यक्तित्वलाई यहांका धेरै जसो उपासक उपासिकाहरुले गुरु भनि पुकार्दथे भने हितैषी मित्रहरुले उहाँलाई दिदी भनि बोलाउथे । उहाँ अग्लो कदको साधारणतः हल्का पहेंलो रंगको लुगा लगाउने, आकर्षिक एवं फरासिलो स्वभावको हुनुहुन्थ्यो ।

उहाँले आफ्नो जीवनमा अनेक बाधा अड्चनहरुसँग सामना गरी दुःख सुख भोगिसक्नु भएको थियो । कुनैबेला उहाँ कसैको दृष्टिमा उपेक्षित हुनुपरेको भए पनि अरु सबैको दृष्टिमा उहाँ लोकप्रिय र स्नेह पात्र नै हुनुहुन्थ्यो । जीवनमा जति पनि विघ्न बाधा तथा उत्तार चढावहरु आए, तिनले उहाँलाई दृढ निश्चयी र सहनशील, पुरुषोचित गुणहरुलेयुक्त बनाइ दिएको थियो । उहाँ स्वतन्त्र अस्तित्वमा जोड दिनुहुन्थ्यो किनकी भगवान बुद्धको वचन 'अत्ताहि अत्तनो नाथो, कोही नाथो, परोसिया अर्थात् आफ्नो मालिक आफै हो, अरु कोही हुन सक्तैन ।" बाट प्रभावित हुनुहुन्थ्यो । त्यसैले उहाँ कसैको भरोसामा आफ्नो जीवन यापन गर्न चाहनुहुन्नथ्यो ।" अत्ताहि अत्तनो सरणो अनञ्ञ सरणो' - अर्थात् 'आफ्नो शरण आफै बन, अरुको शरण होइन ।' त्यसैले उहाँले आफ्नै खुट्टामा उभिने प्रयास गर्नुभयो । फलतः उहाँ किशोर अवस्थामा गृहस्थ जीवन त्यागी प्रब्रजित हुनु भयो । त्यसपछि काठमाण्डौमा नवसी पोखरामा आइ बस्नुभयो । (घरपछाडी) सानो कुटी बनाइ एक्लै बस्नुभयो ।

धर्मशीला अनगारिका बि.स. १९७४ साल ज्येष्ठ १७ गते वुधवार शुक्लपक्ष नवमी तिथिको दिन पोखरा वडा न. ३ नदीपुर निवासी श्री धनबहादुर र धनकुमारी ताम्राकारको कोखबाट जन्मनु भएको थियो उहाँको नाम टेकलक्ष्मी राखिएको थियो । बाल्यावस्था देखि नै उहाँ अरु भन्दा चलाख छिटो बुझ्न सक्ने तीक्ष्ण बुद्धि भएको र आमा बाबुको पनि त्यत्तिकै प्रिय पात्र भइ हुर्कनु भएको थियो ।

वि.स. १९८५ सालतिर भिक्षु महादान पोखरा आउनु भयो र उहाँ वडा न. ३ को कार्यालय भवन देखि उत्तर पूर्वमा रहेको एउटा सानो पौवामा बाल बालिकाहरुलाई अक्षर सिकाउने गर्दै बुद्ध धर्मका कुराहरु सरल भाषामा सम्झाउने बुझाउने काम गर्नुहुन्थ्यो । तत्कालिन प्रशासनले भिक्षुमहादानलाई बुद्ध धर्म प्रचार गरेको थाहा पाई पक्ऱ्यो र उहाँले आइन्दा बुद्ध धर्मको प्रचार नगर्न चेतावनी दिए । फेरि त्यही पौवामा माटोको सानो बौद्ध चैत्य बनाएर पूजापाठ गर्न थाल्यो र बाल बालिकाहरुलाई अक्षर चिनाउने सिकाउने गर्नुका साथै बुद्ध धर्मका कुराहरु पनि लुकि छिपी सिकाउन थाल्नुभयो । बालबालिकाहरुका

आवतजावत बढ्न थाल्यो । ती बच्चाहरुको खेल्ने रमाउने र सिक्ने ठाउं नै त्यहीं भयो । धर्मशीला अनगारिका पनि त्यहीं जाने गर्नुहुन्थ्यो । त्यस अवस्थादेखि नै उहां अति जिज्ञासु र चाँडै पढ्ं, सिकुं भन्ने स्वभावको हुनुहुन्थ्यो । महादानबाट प्राप्त बुद्ध शिक्षाले उहाँलाई निकै प्रभाव पाऱ्यो । जसको फलस्वरुप उहाँको स्वभाव र रहन सहनमा परिवर्तन आउन थाल्यो । उहाँले साधा भेषभूषा गर्न लाग्नु भयो । पहिले बाल्यकाल देखि गुरु स्थापना गरी मन्त्र लिएर जप पूजा गर्दै आईरहेको महादेव, कृष्णको मूर्तिलाई छोडी बुद्धको तस्वीरलाई बन्दना गर्न थाल्नुभयो । उहाँको जीवनको यो महत्वपूर्ण परिवर्तन थियो । जसको फलस्वरुप उहां जीवन भर बुद्ध धर्म र संघप्रति समर्पित हुनुभयो । धर्म, शीला अनुसार आचरण गर्नु भएको अर्थमा भिक्षु महादानबाट उहाँको नाम 'धर्मशीला' राखिएको थियो ।

उहाँको शील आचरण व्यवहार अनुकूल परिवर्तन भइरहेको देखिएकोले भिक्षु पनि प्रसन्न थिए र बाबु आमाको अगाडि छोरीको प्रतिभाको प्रशंसा गर्दथे भने अरुहरुले तिम्रो छोरी जोगी भएर जानेछ भनि सुनाइदिन्थे । उहाँको प्रव्रजित हुने इच्छा भयो र तर आमाबाबुले भिक्षु कहां जान प्रतिबन्ध लगाईदिए ।

तर उहां भने लुकिछिपी भिक्षुकहाँ जानुहुँदै धर्मोदेशको अभ्यास गर्दै जानु भएपछि साँच्चै नै उहाँलाई शीर मुडि अनगारिका बन्ने इच्छा भयो र वि.स. १९९१ सालमा १७ वर्षको उमेरमा भिक्षु महादानसँग काठमाण्डौ जानको लागि घर छोडेर निस्कनुभयो । परिवारले अनेक बकवास सहनुपऱ्यो । परिवारका सदस्य तुरुन्त गइ बीच बाटोमा फेलापारी फर्काइल्याए । सामाजिक बाधाहरु परिवारमा आइपरे खिन्न भएर मातापिता र सम्पूर्ण परिवारमा त्यतिवेला आपत्ति आयो । इज्जतको कुरा ........ । त्यसबेला वर्णाश्रम व्यवस्था अति थियो । धर्मशीला अनगारिकाले जीवनको दौडानमा वर्णाश्रम व्यवस्थाको तीतो अनुभव गर्नुपऱ्यो । परन्तु समय परिस्थिति यस्तो बन्यो कि उहाँले आफ्नो विरोध गर्नेहरु सबैलाई बोलाएर आफ्नै हातले पकाएको भात खान बाध्य पार्नुभयो । उहाँले खानेबेलामा सबैलाई हँसाएर थपी थपी खानदिनुभयो र जातीय भेदभावको बन्धन कति कमजोर रहेछ भनेर प्रत्यक्ष देखाइ दिनुभयो । समाजले जुन जातपातको बन्धनलाई त्यति ठूलो महत्व दिएको थियो, त्यो कागजको सानो टुक्राले तोड्न सक्ने रहेछ भने त्यसको आधारमा खडा भएको सस्कार सस्कृति र धर्म कति बलियो होला? कति सुदृढ होला? र कति सारयुक्त होला? भन्ने कुराको उहां तर्क गर्नुहुन्थ्यो । अनि कोही त्यसैको माध्यमबाट गमन गरिने हाम्रो यात्रा कति उद्देश्यमूलक होला? र त्यसैको आडमा चलिरहेको हाम्रो जीवन कतिको सफलिभूत होला? भन्ने आदि कुराको तर्कना उहाँको मनमा उठिरहन्थ्यो ।

उहां सवेदनशील हुनुहुन्थ्यो र उहाँले विचार गर्नुहुन्थ्यो- जातीय भेदभाव नहुने, मानव मानव मात्र समान हुने, भेदभाव नहुने समताको व्यवहार हुने त्यो समाज कस्तो होला? कति राम्रो होला? कति व्यवस्थित होला? भन्ने आदि प्रश्नहरु उहाँको मनमा आइरहन्थ्यो । गम्भीर भएर जति जति यस्ता कुराहरु सोच्दै जानुहुन्थ्यो, उति उति उहाँको दिमागमा बुद्ध धर्मको सुन्दर र सु-व्यवस्थित चित्र प्रष्ट भएर आउने गर्दथ्यो । एक आश्चर्यको कुरा यो थियो कि त्यसैबेला पनि उहाँले आफूलाई जातिच्यूत गर्ने आफ्नो परिवारको बदनाम गर्ने तथा सामाजिक बहिष्कार गर्न खोज्ने कसै माथि पनि वैरभाव द्वेशभाव राख्नु भएन । वैरभावले वैरभाव शान्त हुँदैन भन्ने कुरा उहाँलाई राम्ररी थाहा थियो ।

*नहि वेरेन वेरानि समन्तीध कुदाचन*
*अवेरेनच सम्मन्ति एस धम्मों सनन्तनं ॥*

धर्मशीला अनगारिकामा यस्तो परिवर्तन आइरहेको बखतमा उहाँलाई कुशिनगरमा भएको बुद्धको सुन्दर मूर्ति र बौद्ध वातावरणको कुरा सुन्दा र साथीहरुले आफूभन्दा अगाडी तीर्थ ब्रत गर्न गएको र आफूले भन्दा पहिले त्यस्तो पवित्र कुशीनगरको र भगवानको राम्रो बुद्धको मूर्तिको दर्शन गरेकोमा उहाँलाई खिन्नता र केही इर्ष्या भयो । त्यसपछि उहाँ कहिले छिटो गएर बुद्ध धर्म र संघमा आफू पूर्णरुपले समर्पित हुन पाउँछु भन्ने ताकमा रहनुभयो । १९ वर्षको उमेरमा उहाँले अभिनिष्क्रमण गर्ने निर्णय गर्नुभयो । अनि उहाँ पोखराबाट डांडाकांडा चढ्दै खोला नाला तर्दै बन्दीपुर पुग्नुभयो । बन्दीपुर २ रात बसी भोलिपल्ट त्यहाँबाट नारायणगढ चितवनको जंगल हुँदै ज्यानलाई जोखिममा पारेर भिक्नाठोरी पुग्नुभयो । बाघ, भालु आदि हिंसक जनावरहरु भएको भिक्नाठोरीको घना जंगल हुँदै निडर भई तर मानिस देखि डराएर अनेक दुःख कष्ट र यातना पीडा सहेर भारत प्रवेश गर्नुभयो । उहाँ भिखनाठोरीबाट राहदानी लिएर भारत तिर लाग्नु भयो । भारत पुगेर पनि डर त्रास भोक तिर्खा सहेर बल्ल कुशीनगर पुग्नुभयो । उहाँले त्यो यात्रालाई जीवनको सबभन्दा खतरनाक, दर्दनाक एव जोखिमपूर्ण मान्नु भएको थियो भने त्यही समयमा पहिलो पटक कुशीनगर पुग्न पाएकोमा ठूलो भाग्यको कुरा सम्झनु भएको थियो ।

कुशीनगरमा बुद्ध भगवानको निर्वाण मूर्तिको दर्शन गरेपछि उहाँले आफ्नो अभिनिष्क्रमणको उद्देश्य भिक्षु चन्द्रमणिज्यू समक्ष राखी आफूलाई प्रव्रजित गराइदिन विनय आग्रह गर्नुभयो । भिक्षुचन्द्रमणि महास्थविरज्यूले यस्तो कलिलो उमेरमा आमाबाबुको नलि आएकीले प्रव्रज्या दिन इन्कार गर्दै घरमा आमा बाबुको अनुमति लिई फेरि आउन भन्नु भयो । गुरुजीको त्यस भनाईले उहाँलाई ज्यादैई अप्ठेरोमा पार्‍यो । कुशीनगर पुगेपछि उहाँले आफ्नो उद्देश्य पुरा हुने जुन कल्पना गर्नु भएको, त्यो कल्पनामा नै सीमित रह्यो । व्यवहारमा उत्रन सकेन । जुन उत्साह एवं उमंग लिएर भोक प्यास नभनी डर, त्रास नमानी उहाँ जानु भएको थियो, त्यो काम नहुँदा केही खिन्नताबोध हुनु स्वाभाविक थियो । नैपनि उहाँ निराश नभइ हरेश नखाइ गुरुको त्यस भनाईलाई एक परीक्षा सम्झी, कठिन परीक्षा र त्यस परीक्षाको तयारीमा तत्पर ताकासाथ लाग्नु भयो ।

उहाँ पोखरा फर्केर आएपछि धर्मशीला अनगारीकालाई कत्ति चैन भएन । अनि केही समय पछि बुटवलमा दाजूकहाँ जानु भयो । त्यहाँ रत्नमुनि तुलाधरसँग भेट भयो । त्यही भिक्षु विशुद्धानन्दसँग गुरु चन्द्रमणि महास्थविरको आज्ञा अनुसार उहाँले बुद्ध शिक्षा अध्ययन गर्नुभयो । उहाँले भिक्षु विशुद्धानन्दबाट अभिधर्मको, मज्झिम निकायको ज्ञान सिक्नुभयो र ध्यानको महत्व बुझ्नुभयो । साथै ध्यान गर्न पनि सिक्नुभयो । भिक्षु विशुद्धानन्दज्यूबाट प्राप्त शिक्षा दीक्षाले उहाँको जीवनमा ठूलो परिवर्तन ल्यायो । उहाँको शील स्वभाव तथा दैनिक आचरणमा प्रभावकारी रुपले परिवर्तन देखियो । उहाँसादा सेतो पोशाकमा , संयमि, अनुशासित, शान्त ...... देखिनुहुन्थ्यो ।

त्यसपछि उहाँ फेरी कुशिनगर पुग्नुभयो । वि.सं. १९९६ सालमा भिक्षु चन्द्रमणि महास्थविरज्यूले भिक्षु विशुद्धानन्दज्यूको उपस्थितिमा, बुटवल निवासी रत्नमुनि तुलाधरको दायकत्वमा उहाँलाई र उहाँलाई खोज्न गएकी उहाँकी सहोदर बहिनी यशोमतिलाई विधिवत प्रव्रजित गराइदिनु भयो ।

धर्मशीला अनागारीकाले आफ्ना गुरु चन्द्रमणि महास्थविरज्यूबाट बुद्ध धर्मको सिद्धान्त, धम्मपद आदर्श र व्यावहारिक ज्ञान गुणका कुराहरु सिक्नुभयो । विशेष गरेर उहाँले त्यस बखतमा गुरुज्यूबाट

धम्मपदको र भिक्षु वरसम्बोधिबाट अभिधम्मको गहन अध्ययन गर्नुभयो । उहाँले तानसेन निवासी बौद्ध विद्वान श्री अयोध्याप्रसाद प्रधानबाट ध्यान सम्बन्धी शिक्षा प्राप्त गर्नुभयो

कुशीनगरमा बस्नुहुंदा गुरु चन्द्रमणि महास्थविरज्यूको महानता सद्चरित्रता र कार्यपटुताले धर्मशीला अनगारीकालाई सकारात्मक प्रभाव पार्दै लगेको थियो । उहाँको आदर सत्कार वाकपटुता र अरुसँग मानिस अनुसारको व्यवहार गर्न सक्ने उहाँको (बानी) शैलीले गुरुलाई पनि उत्तिकै खुशी र सन्तुष्ट पारेको पाइन्थ्यो ।

धर्मशीला अनगारीका कुशीनगरमा रहनुहुंदा उहाँको साथ लामो समय बिताउनु भएको कुशीनगर निवासी डा. चन्द्रशीला शाक्य जो धर्मशीला गुरुमाको अति नजिक र अभिन्न मित्र भै रहनुभएको थियो, उहाँले गुरुमाको सम्बन्धमा भन्नुहुन्थ्यो- आत्मीय मित्र धर्मशीला अनागारीका सबैसँग मिल्न सक्ने, सबैलाई खुशी पार्न सक्ने र सबैको दु:खमा सहभागी हुन सक्ने, तीब्र वाकपटुता भएकी, तीक्ष्ण श्रुतप्रज्ञाले युत्त भएकी उपयुक्त समयमा उपयुक्त निर्णय लिन सक्ने प्रतिभावन बहुआयमिक पुरुषोचित्त गुणलेयुक्त भएकी व्यक्ति हुनुहुन्थ्यो ।

स्मरणीय छ डा. चन्द्र शीला पनि धर्मशीला गुरुमा जस्तै प्रखर प्रतिभावान दृढ निश्चयी हुनुहुन्थ्यो । उहाँले १४ वर्षको प्रब्रजित जीवन यापन गरेर धेरै अनुभव हासिल गर्नु भएको थियो । उहाँले बनारस हिन्दू विश्व विद्यालयबाट पालि भाषामा पि.एच.डी , डिग्री हासिल गर्नुभएको थियो ।

कुशीनगरबाट डा. महानायक आचार्य भिक्षु अमृतानन्दज्यू (त्यतिखेर श्रामणेर)का साथ धर्मशीला गुरुमा काठमाण्डौ जानु भयो । त्यस बेला दिवंगत भिक्षु धम्माको रेखदेखमा उहाँले 'कटिवद्ध नियम पालना गर्नुभयो । सुयोग्य भिक्षुको छत्रछायामा उहाँले धेरै कुरा सिक्ने र जान्ने अवसर पाउनु भयो । त्यहाँ प्राप्त गर्नु भएका अनुभवहरु धेरै उपयोगी भएको कुरा उहाँले बेलाबेलामा सुनाउनु हुन्थ्यो । त्यहाँबाट उहाँ पोखरा फर्कनु भयो । त्यसरी उहाँ पोखरा फर्कनु पोखराको निम्ति एक सौभाग्यको कुरा नै भयो ।

धर्मशीला अनागारीकाले पोखरा र वरपरका क्षेत्रमा बुद्ध धर्मलाई सफलतासाथ प्रचार प्रसार गर्नु भयो । उहाँले यहाँको शैक्षिक सामाजिक क्षेत्रमा योगदान दिनभयो । पारिवारिक झै झगडा मिलाउने देखि व्यक्तिगत सुख शान्तिको लागि ठूलो योगदान पुऱ्याउनु भएको प्रशंसनीय छ । धर्म शीला गुरुमाले वास्तवमा आफू शीतल चन्द्रमा झै बनी सबैलाई प्रकाश दिनुभएको थियो ।

पोखरामा फर्केर आएपनि धर्मशीला अनगारीकाको लागि बसोवासको समस्या भयो । त्यस बेला पोखरामा विहार भन्ने नै थिएन । उहाँ बाध्य भएर पुरानो घरमा रहनु पऱ्यो । उहाँले घरमै बसेर बौद्ध धर्मको सिद्धान्त र आदर्शको उपदेश दिनु हुन्थ्यो । शीलको उपदेश दिनु हुन्थ्यो ।उहाँकहाँ अष्टशील, पञ्चशील ग्रहण गर्ने उपासिकाहरुको संख्या बढ्दै गयो जसले गर्दा ठाउँ साँघुरो भयो र अपक तर तेर्सापट्टि निवासी उहाँकी चेली धर्मनदीले आफ्नो गुरुको लागि आवश्यक पर्ने एक विहार बनाइदिने अठोट गरिन् । उहाँले त्यसको लागि आफ्ना बाजे बाबुसँग अनुरोध विनय गर्नुभयो । श्री सिद्धिमान र श्री बुद्धिलाल कायस्थले हालको धर्मशीलाबुद्ध विहार रहेको पोखरा न.पा. वडा नं. ३ को वडा कार्यालय पछाडी करीव ढेड रोपनी जमिनमा १८" x २८" को ढुङ्गा माटोको दुइतले विहार बनाई दान दिनुभयो । त्यसमा ढलोटको एउटा सुन्दर मूर्ति स्थापित गरी दान दिनुभयो । यो पोखराको पहिलो विहार थियो र हो पनि । उहाँको आस्था, निष्ठा

तत्परता तथा स्वच्छ सेवा भाव देखेर त्यसबेला पोखरा आउनु भएका भिक्षु महाप्रज्ञाले ज्यादै प्रभावित हुनु भई भिक्षु प्रज्ञारश्मि र कविवर चित्तधर हृदयका दुइ बहिनीहरु मीतिलक्ष्मी र न्हुच्छे लक्ष्मीको सहयोगले माटोको सफेद सुन्दर कलात्मक बुद्ध मूर्ति बनाइदिनु भयो । त्यो मूर्तिको स्थापनाले विहारमा नयाँ जोश जगायो । पञ्चशील अष्टशील ग्रहण गर्नेहरुको संख्या बढ्न थाल्यो धर्म देशनाको काम नियमित चल्दै रर्‍यो ।

धर्मशीलाले बौद्ध गतिविधि बढाउँदै लैजाने काम गर्दै रहनुभयो ।

प्रजातन्त्र आउनु भन्दा अगाडी असहज परिस्थितिमा पनि धर्मशीला आफ्नो महान अभियान धर्म प्रचारको कार्यमा अविरल रुपले लाग्नु भयो । लागेको लाग्यै गर्नुभयो । बुद्ध विहारको क्रियाकलाप बढाउँदै लानु भयो । भिक्षु अनुरुद्ध पोखरा आउनु हुँदा उहाँबाट पनि धेरै कुरा सिक्नु भयो ।

उहाँले यहाँको शैक्षिक, सामाजिक र राजनीतिमा योगदान पुर्‍याउनु भएको थियो । उहाँले वैशाख पूर्णिमाको दिन बुद्ध जयन्ति मनाउने परम्परा शुरुआत गर्नुभयो । उहाँले बुद्ध शासन प्रचार प्रसारको माध्यमको रुपमा २०२२ साल जेष्ठ पूर्णिमाको दिन ज्ञान माला संघ गठन गर्नुभयो । उहाँले २०२९ साल कार्तिक २९ गते देखि मार्ग १ गते सम्म प्रथम महापरित्राण तथा बौद्ध सम्मेलनको आयोजना गर्नु भयो जसको निमित्त सबै वर्ग समेटेर एक महापरित्राण समिति गठन गरिएको थियो । महापरित्राण पछि, फुजी गुरुजीसँग सम्पर्क भई २०३० सालमा भू.पू.स.रक्षा मन्त्री मीन बहादुरसँगको सहयोगमा विश्व शान्ति स्तूप निर्माण कार्यमा सरिक हुनु भयो । जुन स्तूप २०३१ साल श्रावणमा भत्काइएको थियो । त्यो भत्काउने कार्य रोक्न काठमाण्डौं धाउनु भयो । उहाँ जापान तथा वेलायतमा पनि विश्व शान्ति सम्मेलनमा सहभागी हुनु भयो । २०४३ साल वैशाखमा दायक सभा गठन भयो ।

धर्मशीला गुरुमाले बुद्ध धर्म प्रचार प्रसारमा यथेष्ट योगदान गर्नु भएको थियो । सोही क्रममा उहाँलाई एक कडा रोग लाग्यो । सो को निदानको लागि जापान लगियो तर अति गम्भीर भएर अन्त्यमा आफ्नै निवासस्थानमा उहाँ २०४३ साल कार्तिक २६ गते नस्वर देह त्याग्नु भई परलोक हुनुभयो । उहाँले देखाउनु भएको मार्गमा लागेर र उहाँको गुण स्मरण गरी त्यही गुण धर्म अवलम्वन गर्न सकेमा उहाँमा सच्चा श्रद्धाञ्जली हुनेछ ।

*अस्तु*


विजया दशमी तथा दीपावली २०५८ को सुखद् उपलक्ष्यमा
समस्त ग्राहक महानुभावहरुमा सुख, शान्ति र समृद्धिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

अशोकमान बुद्धाचार्य
त्रिरत्न अटोमोवाइल
पृथ्वी चोक, पोखरा, फोन :-२०५६३, ३००४३
गाडीहरुको स्पेयर पार्टस् चाहिएमा सम्पर्क गर्नुहोला ।

रोशनमान बुद्धाचार्य
अशोक अटोमोवाइल
नयाँ बसपार्क, पोखरा, फोन :-३१०२४
गाडीहरुको स्पेयर पार्टस चाहिएमा सम्पर्क गर्नुहोला ।

किशनमान बुद्धाचार्य
एशियन अटोमोवाइल
नयाँ बजार, पोखरा, फोन :-२२९०५
भारतको काइनेटिक कम्पनीको मो.सा. तथा स्कूटरको अधिकृत विक्रेता

# भगवान् बुद्ध, बुद्ध धर्म र बौद्धहरु

➢ भिक्षु जटिल, हाल बुटवल

नेपाल भगवान बुद्धको पवित्र जन्मभूमि हो । आफ्नो जन्मभूमिमा बुद्ध धर्म जे जसरी फैलिनु पर्दथ्यो, त्यति हुन सकेको छैन । यो एउटा बिडम्बना नैं हो कि यही मुलुकमा बुद्ध धर्मबारे धेरै भ्रमहरु छन् यहाँ कहिले बुद्धलाई नास्तिक भनेर उपेक्षा गर्न खोजियो भने कहिले उनैलाई ईश्वरको अवतारको रुपमा व्याख्या गर्ने गरियो । शाक्यमुनि भगवान बुद्ध जसले ईश्वरको अस्तित्व समेत स्वीकारेनन्, उनैलाई ईश्वरको अवतार भन्नु र उनले प्रतिपादन गरेको धर्मलाई हिन्दुधर्मको शाखा भन्नु एक षडयन्त्र हो । अनिश्वरवादी बुद्धलाई ईश्वरको अवतार मान्नु सरासर उनको अनइश्वरवादी सिद्धान्तलाई नमान्नु हो । विद्वान चलाक गुरुहरुले बाहिर बुद्धलाई माने झै गरेर उनको सिद्धान्तलाई ओझेलमा पार्ने गरेको या एक प्रयास हो यो । यो कुरा बौद्धहरुले राम्ररी बुझ्नुपर्दछ ।

बुद्धलाई मान्नु भनेको बुद्धका आदर्श, सिद्धान्त र उपदेशहरु मान्नु हो । के बुद्धले कहिल्यै आफूलाई ईश्वरको अवतार भनेका छन्? बुद्धको कुन उपदेशमा, कुन शास्त्रमा यो उल्लेख छ ? बुद्ध र बौद्ध शास्त्रले भन्दै नभनेका कुरा जसलाई अरुले भने भन्दैमा लहै लहैमा लाग्नु आफ्नै कमजोरी हो । त्यो कमजोरीलाई बौद्धहरुले छिटो भन्दा छिटो हटाउन सक्नु आफू सच्चा बौद्ध बन्नु हो ।

बुद्ध धर्मको यथार्थरुप खोज्न हामी अन्य देश देशावरमा जानु पनि पर्दैन । हाम्रै देशमा यथार्थ र वास्तविक उपदेशहरु पाउन सक्छौं । अरु देशहरुबाट पछि नेपालमा भित्रिएका बुद्ध धर्मका शास्त्रहरुमा पनि त्यो यथार्थतर र बास्तविकता पाउन मुस्किल पर्दछ । त्यसमा धेरै छानविन गर्नुपर्दछ । किनभने यो धर्म जुन देशमा र जहा पुग्यो त्यहीको प्रचलित धर्मसंग समन्वय गरेर, हातेमालो गरेर गएको यथार्थता हामीले भुल्नु हुँदैन । त्यसो भएकोले चीनको बुद्ध धर्म, तिब्बतको बुद्धधर्म, जापानको बुद्धधर्म, थाईलैण्ड, म्यानमार, श्रीलंका, भारतको बुद्धधर्ममा निकै नै भेद भएको हामी पाउछौं । तर दुःख, अनित्य र अनात्मा सम्बन्धमा तथा अहिंसा, शान्ति र मैत्री भावनामा तिनीहरुमा त्यति भेद छैन । बेग्लाबेग्लै गुरुहरुका कारण, स्थानीय धर्महरुसँग सामञ्जस्य र समन्वय रखेको कारणले र स्थानीय छाप परेको कारणले केही फरक भए झै देखएको निश्चय नै हो । तर नियालेर हेर्ने हो भने कहा कति तोड मरोड भएका छन्, कहा के फरक भएका छन् ती सबै प्रष्ट पार्न सकिन्छ ।

हाम्रो राष्ट्रिय भाषा नेपाली हो । नेपाली भाषामा नै अहिले बुद्ध धर्मका धेरै कितावहरु प्रकाशित भै रहेका छन् । पालि भाषामा सग्रहित बुद्धका उपदेशहरु नेपालीमा अनुवाद भैरहेकोले अब हामीले अन्य विदेशी भाषामा र अरु आफूले नबुझ्ने भाषामा सुन्नु र भन्नु भन्दा बुझेर त्यस अनुसार आचरण गर्नु राम्रो हुन्छ । बुद्ध धर्म ज्ञानको धर्म, प्रज्ञाको धर्म र ध्यानको धर्म भएकाले यसका उपदेशहरु, श्लोकहरु, सुत्रहरु, तन्त्रमन्त्रकै रुपमा सीमित गर्नुभन्दा तिनीहरुलाई राम्ररी बुझ्नु पर्दछ, बुझाउनु पर्दछ र चिन्तनमनन गरी आफ्नो दैनिक व्यवहारमा परिलक्षित गर्नुपर्दछ ।

हाम्रा केही गुरुहरुले बौद्धशास्त्रलाई वेद भनेको पनि सुनिन्छ । त्यो गलत हो । वेद भनेको हिन्दूहरुको शास्त्र हो । बाइबल इसाईहरुको र कुरान मुसलमानहरुको शास्त्र हो । बौद्ध शास्त्रलाई पिटक भन्दछन् । पिटक तीनवटा भएकाले तिनीहरुलाई त्रिपिटक भन्दछन् । भगवान बुद्धले दिनुभएका उपदेशहरु मध्ये सूत्रहरु भएको पिटकलाई सूत्त पिटक, भिक्षुहरुको शील र सदाचार भएकोलाई विनय पिटक र दर्शन र आदर्श सम्बन्धी कुराहरु भएकालाई अभिधम्म पिटक भन्दछन् ।

त्रिपिटकमा बुद्ध स्वयंले भन्नुभएका ८२ हजार श्लोकहरु छन् । त्यसपछि उनका महत्वपूर्ण चेलाहरुले अरु २ हजार श्लोकहरु जोडेका छन् । सुत्र पिटक अन्तर्गत पाँचवटा निकायहरु छन् जसलाई दीर्घ निकाय, मज्झिम निकाय, संयुक्त निकाय, अंगुत्तर निकाय र खुद्धक निकाय भनिन्छन् । खुद्धक निकायमा धम्मपद लगायत १५ वटा ग्रन्थहरु छन् ।

त्यस्तै विनय पिटकमा पाराजिकापाली, पाचित्तियपालि, महाबग्गपालि, चुल्लवग्गपालि र परिवारपालि पाँचवटा तथा अभिधम्म पिटकमा सातवटा प्रकरणहरु छन् जसलाई धम्मसंगणी, विभङ्गपालि, धातुकथापञ्जति, पुग्गलपञ्जति, कथावत्थुपञ्जति, यमकपञ्जति र पट्ठानपञ्जति भन्दछन् ।

मैले यस सम्बन्धी जानकारी जिल्ला जिल्लामा भएको प्रशिक्षण शिविरहरुमा पनि गर्दै आएको छु । बौद्ध अर्घौ सदनद्वारा गत कार्तिक २० गतेदेखि २४ गतेसम्म पोखरामा भएको प्रशिक्षण शिविरमा पनि यी कुराहरु प्रष्ट पार्ने प्रयास गरेको थिएँ ।

आज भगवान बुद्धका शान्ति, मैत्री, करुणा र अहिंसाको सिद्धान्तले विश्वलाई प्रभावित गरेको छ । संयुक्त राष्ट्रसंघले भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनीमा लुम्बिनी विकासको गुरुयोजना बनाई काम शुरु गर्न र बुद्ध जयन्तिका दिन आफ्नो मातहतका कार्यालयहरुमा बिदा दिनु बुद्धप्रति आफ्नो उच्च सम्मान व्यक्त गर्नु हो । अन्य धर्म एवं सम्प्रदायका गुरुहरु एवं अगुवाहरुले समेत चाहेर होस् वा नचाहेर होस् प्रत्यक्ष होस् या परोक्ष, बुद्धको नाम लिने गर्दछन् । कतिपय चलाख गुरुहरुले बुद्धको कुराहरु लिएर, बुद्धको फोटो मूर्ति नै राखेर, महावाणी उल्लेख गरेर आफ्नै किसिमले व्याख्या गर्ने गर्दछन् । उनीहरुले त्यसरी नाम लिएर या फोटो राखे भनेर हाम्रा सोझा साझा दाजु भाइ दिदी बहिनीहरु उतै गएर भुल्ने गरेका छन् । त्यसरी भुल भुलैयामा उता जानेहरु बुद्ध विहार या गोम्बामा आउन छोडेका घटना धेर छन् । उनीहरुले बुद्धको नाम लिनु या बुद्धका उपदेशहरु सुनाउनु बुद्धलाई मान्नका लागि होइन, बौद्धहरुलाई आफूतीर तान्नका लागि हो । यो कुरा हामीले राम्ररी बुझ्नु पर्दछ । विश्वमा फैलिएको यो धर्मका लागि अन्य कुन धर्म गुरुले बुद्धका उपदेशहरुको राम्ररी व्याख्या गर्दछन्, त्यो ठूलो कुरो होइन । त्यसरी व्याख्या गर्नेले आफूलाई बौद्ध भन्छन् कि भन्दैनन्, बुझ्नु पर्ने कुरा त्यो हो र त्यस्ता गुरुहरुले स्थापना गरेको स्मारक आदि गोम्बा, विहार चैत्य, स्तूप, थुर आदि हो कि होइन ध्यान दिनु पर्ने कुरा यो हो ।


श्रद्धेय गुरुमा अनागारीका धर्मशीलाको १५औं पुण्य तिथिमा
उहाँ प्रति हार्दिक श्रद्धाञ्जली
व्यक्त गर्दछु ।

श्रीमती लक्ष्मी पालिखे
लक्ष्मी पाउरोटी उद्योग
नागढुङ्गा, पोखरा

# त्रिरत्न परिचय

➤ *आर.वि बन्ध*

आधुनिक विज्ञानको द्रुततर विकासले मानिसको दृष्टिकोण, सोचाई, व्यवहार, आस्था, निष्ठा, सिद्धान्त र धारणाको अनेक पक्ष र क्षेत्रमा छिटोछिटो परिवर्तन ल्याई मानव सभ्यता, मानव समाज र मानव जीवनको हरेक पक्षलाई व्यापक रुपमा द्रुततर गतिमा परिवर्तन ल्याउन थालेको आजको युगमा धर्म र दर्शन, जीवनको मूल्य र मान्यता, समाजको चिन्तन र सोच, मानव समाज, सभ्यता र स्वयं मानवताकै वर्तमान र भावी मोडको दिशा आदिको सम्बन्धमा बुद्ध धर्म र आधुनिक विज्ञानले छाड्दै आएको प्रभाव र भविष्यमा छाड्ने देखिएको प्रभाव र असरको सार्थक र निरर्थक, रचनात्मक वा शान्तिमूलक, सहयोगात्मक वा विरोधात्मक, भयावह वा विध्वंशात्मक भूमिका बारेमा केही न केही प्रकाश गर्ने गरी धर्म र विज्ञानको क्षेत्रमा देखिन थालेको तुलनात्मक समानता र सामीप्यता र धर्म र विज्ञानको एक आपसको परिपूरक वा प्रतिस्पर्धात्मक वातावरणको सम्बन्धमा चर्चा र परिचर्चा, विश्लेषण र वर्गीकरण, छलफल र विवेचनालाई अगाडि बढाउनु अगावै आजका भौतिकवादी उच्च विकसित यूरोप र अमेरिकी राज्यहरु समेतका सर्वसाधारण सुशिक्षित जनतादेखि प्रबुद्ध प्रशासकहरु, वैज्ञानिकहरु र बुद्धिजीवीहरु समेतले वर्तमान र भावी जीवनमा हित, सुख, शान्ति र कल्याणको आशाले बढ्दो मात्रामा अभिरुची लिई अध्ययन र अवलोकन, अनुकरण र अनुशरण गर्ने क्रमिक अग्रसरता दर्शाउन थालिएको ऐतिहासिक रुपमै विश्वका सर्वाधिक जनसंख्याले परम्परागत रुपमा मान्यता दिँदै आएको बुद्ध धर्ममा शरण गमन र आश्रय स्थानको रुपमा चर्चित बुद्ध धर्मका ती अंगहरु बुद्ध, धर्म र संघको सही गुण र आनिशंसको बारेमा कूलगत परम्पराबाट बुद्ध धर्म अवलम्बन नगर्ने सह्दयी जिज्ञासुहरुको सकारात्मक उत्कण्ठा शान्त गर्न यस परिच्छेदमा संक्षेपमा चर्चा गर्ने जमर्को गरिएको छ ।

**धर्मको सामान्य अर्थ र पश्चिममा विद्वानवर्गको दृष्टिः**

सामान्यतः पश्चिमका प्रायः विद्वत्वर्ग र संसारका बहु संख्यक मानिसहरुको दृष्टिमा धर्म भन्ने शब्दले निष्ठा र भक्तिको आधारमा विना कुनै संशय, सन्देह र विचारले समर्पणको भावबाट केही मत, सिद्धान्त, धारणा र उपाख्यानको समूहमाथि गरिनु पर्ने विश्वास भन्ने अर्थलाई जनाउने गर्दछ । यथा- संसार, प्राणी र विश्व ब्रम्हाण्डको प्रत्येक गतिविधि, प्राणी मात्रको प्रत्येक चाल, गति र क्रियाकलापलाई आफ्नो सार्वभौम सदीच्छाबाट सञ्चालन गर्ने सार्वभौमसत्ता सम्पूर्ण परमआत्मा, परमेश्वर, परम ब्रम्हमाथिको विश्वास, प्राणीको अजरामर आत्मा र एक जीवनबाट अर्को जीवनमा हुने आत्माको संक्रमणको कारण उत्पत्ति हुने पुनर्जन्म र सांसारिक आवागमन चक्रमाथिको विश्वास, व्यक्तिगत रक्षक र भविष्यवक्ताहरु र परमेश्वरको सदीच्छालाई आधिकारिक रुपमा लिएर हिंड्ने देवदूतहरु र प्रधान देवदूतहरु जस्ता अलौकिक व्यक्तित्वहरु माथिको विश्वास, दैवद्वारा मानिसको उत्पत्ति र संसारको उत्पत्ति सम्बन्धी निश्चित धारणा माथिको विश्वास इत्यादि । यी र यस्तै अलौकिक र पारलौकिक मत, सिद्धान्त र विश्वासको समूहलाई मात्र सामान्यजनले धर्मको रुपमा जानी आएको, बुझी आएको र सम्झी आएको हुँदा एकथरी पश्चिमी विद्वानहरुले बुद्ध धर्म, बुद्धवादमा परम्परागत अर्थमा धर्मको अस्तित्व नै भेट्टाउन नसकेबाट बुद्ध धर्मलाई सदाचार र उत्कृष्ट समुन्नत सुवीनित मानव जीवन पद्धतिको ज्ञान समूह मात्र हो भनी धारणा राख्ने

गरेको पनि पाइन्छ । सामान्यत: अबौद्धजनले अदृश्य ईश्वरको अस्तित्व र चमत्कारपूर्ण ईश्वरीय शक्तिको लिलामाथिको निर्विकल्प निष्ठा र विश्वास गर्नुलाई नै धर्म हो, धर्मको सार हो र परमेश्वरको दर्शन प्राप्त गर्नु र परमेश्वरको भूमिमा पदार्पण गर्नु नै धर्मभीरु भक्त, आस्तिक, ज्ञानी, मुनि, योगीको एकमात्र सर्वोत्तम लक्ष्य हो भन्ने धारणालाई दृयताका साथ ग्रहण गर्दै आएका देखिन्छन् । ईश्वरको अस्तित्वलाई नमान्नु, ईश्वरीय लिलालाई स्वीकार नगर्नु, अजरामर आत्माको अस्तित्वलाई नमान्नु उनीहरुको नजरमा नास्तिकवादी हुन आउँछ ।

**बुद्ध धर्ममा विद्यमान भिन्नताहरुः**

बुद्ध धर्ममा यस्ता कुराहरु केही पनि छैनन् । बुद्ध धर्ममा पूर्व जन्म र यस जन्ममा प्राप्त गरेका अनेक ध्यान ज्ञान र कुशल मूल पुण्य पारमिताका कारण सामान्य मानिसभन्दा बढी ऋद्धि, सिद्ध र शक्ति सम्पन्न भई विभिन्न कामावचर भूमिका देवलोकहरु र रुपावचर एवं अरुपावचर भूमिका ब्रम्हलोकहरुमा उत्पत्ति भएका अनेक प्रकारका देवताहरु र ब्रम्हलोकहरुमा उत्पत्ति भएका अनेक प्रकारका देवताहरु र ब्रम्हाहरु न अजरामर छन्, न त उनीहरुले मनुष्य जातिको भाग्य निर्धारण नै गर्दछन् । बल्कि पृथ्वीलोकका मानिसहरु जस्तै कर्म र विपाक, कार्य र कारण, हेतु र प्रत्ययका नियममा आबद्ध रही आएका ती देवताहरु पनि मानिसहरु जस्तै सत्वहरु हुन् । आ-आफ्ना इच्छा अनुसार कर्म गरी कर्मकै बलले कुनै पनि देवलोक वा ब्रम्हलोकमा देवता वा ब्रम्हाको रुपमा मानिसहरु स्वयं पनि उत्पत्ति हुन सक्तछन् । मानिसले चाहेमा बुद्धोपदेशित पथको अनुगमन र अनुशरण गरी बुद्ध जस्तै पारमिता पूर्ण गरी स्वयं आफू पनि बुद्ध नै पनि बन्न सक्छन् । बुद्ध धर्मको सिद्धान्त अनुसार शाक्यमुनि तथागत न प्रथम बुद्ध हुन्, न त उहाँ अन्तिम बुद्ध नै हुन् । बुद्धद्वारा उपदिष्ट धर्म र विनयको साधना र अभ्यास गर्ने जोसुकै व्यक्तिको लागि श्रावक बुद्ध, प्रत्येक बुद्ध वा सम्यक सम्बुद्धमध्ये आफूले चाहेको बुद्धत्व प्राप्त गर्ने द्वार, मार्ग र पथ सबैको लागि सदैव खुला छ । आदि अन्त्य नभएको यस ससारमा अतीतमा कति बुद्ध भएर गइसकेका छन् र भविष्यमा कति बुद्ध हुन सक्ने छन्, त्यस्तो कुनै सख्या र गणनासम्म पनि राख्न नसकिने धारणा बुद्ध धर्ममा अभिव्यक्त छ भनेमा अतिशयोक्ति हुने छैन ।

यसरी बुद्ध धर्म र अन्य धर्ममा आधारभूत भेद के मा पाइन्छ भने जहाँ अन्य धर्म, मत वा सिद्धान्तमा आफ्नो स्वयंको ज्ञान र स्वअनुभवद्वारा जाँचबुझ परीक्षण गर्न नसकिए पनि परम ब्रम्ह, परमेश्वर, परमपिता, परमात्माको अस्तित्व र रचनामा अनन्य विश्वास गर्नै पर्ने बाध्यता हुन्छ भने तथागत शाक्यमुनि बुद्धद्वारा उपदिष्ट धर्ममा आफ्नो विवेक र अनुभवद्वारा जान्न, बुझ्न र परीक्षण गर्न नसकिने कुनै पनि कुरामा अन्ध श्रद्धा र अन्ध निष्ठाकै आधारमा विश्वास गर्नु पर्ने कुरा केही छैन । यसैले गर्दा विश्वमा प्रचलनमा रहेका विभिन्न धर्महरुका बीचमा बुद्ध धर्म, बुद्धवादको आफ्नै किसिमको अलग पहिचान छ, आफ्नै किसिमको अभिनव, अद्वितीय विशेषता रहिआएको छ र वैज्ञानिक मनको समालोचनात्मक दृष्टिकोण, खोज र अनुसन्धानका साम्नु पनि आफूलाई अडिग अविचलित रुपमा जीवित राख्न सक्ने उपदेश, मत र सिद्धान्त पनि यही बुद्ध धर्ममा मात्र रहेको पाइन्छ । तसर्थ बुद्ध धर्म इतिहासमा विज्ञ प्रशंसित थियो भने आजको विज्ञान र प्रविधिको द्रुततर विकासको युगमा पनि आधुनिक प्रबुद्ध, प्रशिक्षित पूर्वाग्रह रहित प्रज्ञाविद्हरु र वैज्ञानिकहरुले आधारको रुपमा, आश्रयको रुपमा, उत्प्रेरणाको रुपमा, अनुपम मार्गदर्शनको रुपमा प्रशसाको दृष्टिले हेर्ने, ग्रहण गर्ने, धर्मको रुपमा बुद्ध धर्मले नै बढ्दो मात्रामा अग्रस्थान ओगट्न थालेको प्रतीत हुन्छ । वैज्ञानिक दृष्टिकोणले आफ्नै खुला मन, स्वतन्त्र विवेक, अप्रतिहत बुद्धि र निस्वार्थ

पूर्वाग्रह रहित ज्ञान, चिन्तन र मननले पूर्व स्थापित मान्यताहरुलाई पनि सन्देहको दृष्टिले पूर्ण रुपमा प्रयोग र परीक्षण गरी जाँची, बुझी, अनुभव गरीकन मात्र बुद्धको उपदेशलाई स्वीकार वा तिरस्कार गर्न पाइने वैज्ञानिक विधि र अनुशासनलाई प्रश्रय दिइएकै कारणले बुद्ध धर्मलाई वैज्ञानिकको नजरमा समेत आज वैज्ञानिक धर्म र दर्शनको रुपमा बढ्दो मान्यता दिन थालिएको पाइन्छ । आधुनिक वैज्ञानिक युगमा पनि बुद्ध धर्मले एउटा अलग्गै विशिष्ट स्थान ओगटेको छ भनेर हामीले बुझ्नु पर्ने कारणको आधार यिनै हुन् ।

परियत्ति, प्रतिपत्ति र प्रतिवेध शासन जस्ता तिनै अंगहरुबाट सुसज्जित र सुशोभित बुद्ध धर्म र दर्शनको सिद्धान्त अनुरुप वास्तविक धर्मलाय यथाभूत रुपमा आफ्नै विवेकबाट नै देख्न, जान्न र बुझ्नका लागि केवल श्रुतमय सामान्य ज्ञान मात्र हासिल गरेर पुग्दैन, अझ त्यस धर्मलाई चिन्तामय वैज्ञानिक ज्ञान मात्रले परीक्षण गरेर मात्र पनि सन्तुष्ट हुन मिल्दैन, बल्कि प्रज्ञा ज्ञानको माध्यम रहेको भावनामय विपश्यना ज्ञानबाट सूक्ष्मातिसूक्ष्म गहिराईसम्म पुगी नाम रुप धर्मका त्रिलक्षण धर्म स्वभावलाई आफ्नै ज्ञानद्वारा आफ्नै बल, आफ्नै प्रयास, आफ्नै आश्रयबाट प्रत्यक्ष रुपमा जाँची बुझी यथार्थ अनुभूतिको स्तरसम्ममा पुगी अनुभव गरेर मात्र स्वयं साक्षत्कार गरी ग्रहण गर्नु पर्ने उपदेश, शिक्षा र प्रेरणा बुद्ध धर्ममा दिइएको छ । मानवलाई संसारको सर्वश्रेष्ठ प्राणी मानी, मानव विश्वास, मानव शक्ति र मानव क्षमतालाई नै सबै भन्दा महान् शक्ति र क्षमता मान्ने विशुद्ध मानववादी धर्मका प्रवर्तक महामानव बुद्धले दिनु भएको "अत्ता हि अत्तनो नाथो" को शिक्षा, "अत्त दीप, अत्तशरण, अनन्य दीप, अनन्य शरण" को महान् उपवदेशको सार पनि यही हो । बुद्ध धर्म भन्नाले हामीले बुझ्नु पर्ने, बुझ्ने कुरा यही हो ।


श्रद्धेय अनगारिका धर्मशीला गुरुमाको
१५औं पुण्य तिथिमा उहाँ प्रति
हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।
श्रीमाया श्रेष्ठ
बगाले टोल
पोखरा

श्रद्धेय अनगारिका धर्मशीला गुरुमाको
१५औं पुण्य तिथिमा उहाँ प्रति
हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।
श्रीमती बुद्धलक्ष्मी बज्राचार्य
बगालेटोल
पोखरा



# नेपाल सम्बत, राष्ट्रिय सम्बत

> व.आ. कनकद्वीप

राष्ट्र चाहे जुनसुकै तवरले बनेको होस्, राष्ट्रको प्रतिष्ठापन पछि यी ५ कुरा भएन भने बनिसकेको राष्ट्र पनि विघटन हुन बेर लाग्दैन । यी पाँच कुरा भनेको भगवान बुद्धले उपदेश गर्नु भएको राज्य व्यवस्था सम्बन्धमा पारम्परिक मन्दिर, विहार, पाटी पौवाहरुको संरक्षण, स्वतन्त्र राजनैतिक व्यवस्थापनको लागि संघहरुको संस्थापन, राज्यसत्ता चलाउन बढी भन्दा बढी नागरिकहरुसँगको राज्य चलाउने परामर्श, सभ्यताको खुड्किलोको लागि राख्ने राष्ट्रको अभिलेखहरु (सवतीय रिकर्ड) को आवशयकता इत्यादी हुन् जसमा सम्वतको पनि उल्लेख छ । त्यसपछि चाहिने मूल कुरो राज्य, सिमाना, राज्य व्यवस्थाभित्र बन्ने भावनाका ३ थप संवेदनशील विषय - भाषा, संस्कृति र सम्वत हुन् । यी कुराहरुलाई विश्वभरी मै चर्चा गर्ने गरिन्छ । जुन कुरा मध्ये नेपाल सम्वतको यस वर्षको अंक ११२२ नेपाल सम्बतलाई लिन सकिन्छ । सम्वत राष्ट्र-राष्ट्रको आ-आफ्नो संस्कृतिको समुत्थान तथ्यांक हो । आज हामी ११२२ अंकमा आइसकेका छौं भन्नुको अर्थ हामी आहार, निद्रा, भय, मैथुन कार्य बाहेक अरु मानव सिद्धान्त, साधन र श्रममा यत्तिमाथि उठि सकेका छौं भन्ने मापदण्डको कुरो हो ।

यसर्थ, कुनै पनि देशको श्री सम्वत महत्वपूर्ण रहेको हुन्छ । सम्बतको अंक उपल्लो/तल्लो भएको अभिलेखले नै मानव सभ्यताको पनि लेखा जोखा गरिन्छ । त्यस्तो इतिहास विलुप्त भएर पछिको पुनः जागरणले पनि फेरि दोहऱ्याएर देखाउने पनि गरेको हुन्छ । जस्तो कि, आजभन्दा ५००० वर्ष अगाडिको यथेन्सको सभ्यता एकताका बिलुप्त भएर फेरि आज ब्युँतिएको छ । इतिहासकारहरुले सम्फन लगाएर हामीले नव यथेन्सलाई हेरिरहेका हौं । त्यस्तै कान्तिपुर उपत्यकाको इतिहास प्राचीनबाट पूर्व लिच्छविकालसम्ममा हाम्रो सम्वत्सर चुलिएर आएको हुँदा महासामन्त (राजा) राघवदेखि चलेको हाम्रो नेपाल सम्बतलाई नै आजसम्म मान्यता दिदैं आएको हो ।

अभिलेख, शिला-पत्र, ताम्र-पत्र, इत्यादिमा एवं मन्दिर, मन्दिरको अभिलेखहरुमा नेपाल सम्वत कोरिएको अभिलेखले यसलाई ठूलो मान्यतामा राखिएको छ । राज्य व्यवस्थाको प्रयोगमा एवं जनमानसमा बज्रछाप परिसकेको यस सम्वतको अंकद्वारा नै हामी सभ्य भएको वर्षको सम्फना दिलाउँछ ।

आफ्नो सम्बत नभएको देशको लेखाजोखा सिमाना नभएको देश झैं हुन सक्छ । त्यसैकारण, अन्तर्राष्ट्रिय जगतमा सम्वतलाई पनि उल्लेख्य मानिन्छ ।

सभ्यता नभैसकेको देशमा आफ्नो सम्वत हुँदैन । यस उसले विकास उन्मुख देशहरुले सम्वतलाई आ-आफ्नो ढंगले चलाएको पनि हुनसक्छ । रमाइलो उदाहरण त जापानमा जुन राजाको राज्य तिथि जुनबेलादेखि भयो त्यसको सम्बत सुरु हुन्छ र अर्को राजा आएपछि फेरि उसकै नामले संवत एक हुन जाने परंपरा थियो । यस्तो सभ्यताले गर्दा यस संसारमा आफ्नै कुरोबाट पर्याप्त भएन भने अरुबाट पनि लिने काम भैरहेको छ भन्ने कुरा थाहा हुन्छ ।

फेरि, स्वाभिमानको लागि आफ्नो भन्ने कुरो पनि राखेकै हुन्छ । उदाहरणको लागि चिनियाँ ताङ्ग वृतान्तमा पुरानो सम्वतको कुरो छ । हामीले उधारोमा चलाएको विक्रम सम्बत इतिहासकारहरुले अनुसन्धान गर्दा विक्रमादित्यद्वारा चलाईएको भनिएतापनि यो अस्ति मात्रै आएको समुद्रगुप्तको सम्बत हो भन्ने कुरो पत्ता लागेको छ । स्मरणरहोस्, यस सम्बतलाई भारतीय सरकारले पनि मान्यता नदिइकन शक

सम्वत नै चलाएको थियो ।

तर, राणाकालमा चन्द्र शम्शेरजगबहादुर राणा भन्ने प्रधानमन्त्रीले यस नेपाल सम्वतलाई नेपालमा मान्यता दिई छोडेका थिए। तैपनि नेपालीहरुको आफ्नो सम्वत धार्मिक परम्परादेखि सामाजिकतामा व्यवहारित थियो र छ पनि ।

यस उसले, यो सम्वतलाई प्रजातन्त्रको यस जमानामा हाम्रो सम्वतको महत्व बढी रहेको छ। नेपाल सम्वत नेपाली मात्रको सम्वत हो भन्ने कुरा बुझिलिने कुनै पनि नागरिकलाई राष्ट्रियताको भावना जाग्छ ।

तर, कुनै कुनै परम्परा प्रवृत्तिको जो हो गर्नेहरुले "विक्रम सम्वत" नेपालकै हो भन्ने धारणा राखेका पनि छन् । यी यस्ता तत्वहरु हुन् जसलाई राष्ट्रियताको कुनै अर्थवोध पनि छैन ।

आज नेपालको संस्कृति र सभ्यताको थालनि देखिको इतिहास बुझ्न नेपाल सम्वतकै अध्ययन गर्नु आवश्यक छ । नेपाल सम्वतको ज्योतिषिय वैज्ञानिकता तिथि मितिको तथ्यता एवं चाड पर्वको परम्परा पनि अद्वितीय रहेको छ। हाम्रो नीति नियम अनुसार औंशी देखि परेवा वा पूर्णिमा देखि परेवामा पनि यदि यस्तो गर्ने तिथि टुट मिलाउने अपवादहरुको फर्मूला पनि छ, जसलाई "अथे जुसा थथे" नेवारीमा भन्ने गरिन्छ ।

यसरी शंखधरबाट स्थापित यस सम्वतलाई बढीभन्दा बढी मान्यता दिन शंखधर राष्ट्रिय विभूति पनि मानिएको छ ।

त्यसैकारण, अब नेपालको राष्ट्रियताको जगना गर्न, हाम्रा विभूतिलाई सम्झन एवं नयाँ पुस्तालाई हाम्रो गौरवगाथाको परिचय दिन हाम्रो आफ्नै स्वतन्त्र सम्वतको प्रयोग भैरहेको तथ्यपूर्ण जानकारी प्रकाशमा आइरहनु अत्यन्तै आवश्यक छ ।

भोलिसम्ममा हामी अन्तराष्ट्रिय सम्वत Calander of the cyberage मा पसे पनि हाम्रो आफ्नो छुट्टै ठाउँ हुन्छ। अनि एघ्घार सये वर्ष पछिको १२०० मा लाग्न नवीन उत्साहका साथ नेपालको उच्चतम संस्कृतिका साथ बढ्नसक्ने हुन्छौं ।

त्यसैकारण, यस सम्वतलाई मेचीदेखि महाकालीसम्म यस पुऱ्याऔं भन्नु परेको हो ।

मानव सभ्यताको नमुना हाम्रो वास्तुकला पनि आधारित छँदा हामीले सम्वत प्रणेता शंखधरको (पशुपति मन्दिरभित्रको प्रतिमा) शालिकको स्थापना नेपाल सरहदकै सिमा स्तम्भ झैं प्रतिष्ठापन गरौं। यस्तो राष्ट्रिय आकांक्षाको आवश्यकता हामीलाई छ ।

यसको साथै अन्तराष्ट्रिय स्तरमा चलिरहेको इसवी सम्वतलाई पनि हामीले ग्रीनविच मिन-टाइम झैं बी.सि. र ए.डि. मिलाउन प्रयोग गर्न सक्नेछौं ।

अबको युग राष्ट्रियताबाट अन्तर्राष्ट्रिय र अन्तर्राष्ट्रियबाट राष्ट्रियतामा घुलमिल हुनेछ। यो नै मानव सभ्यता पनि हो ।

*अन्तमा, नेपाल सम्बतको विशेषता:*

(क) यो सम्वत नेपालको ऐतिहासिक विवेचनाको लागि पर्याप्त छ ।
(ख) यो सम्वतले प्राचीन, माध्यमिक र आधुनिककाल प्रष्ट पार्छ ।
(ग) यो सम्वत युरोपियन विद्वानहरुले पनि यथेष्ट अध्ययन गरेका छन् ।
(घ) यो सम्वतले हिन्दू (शैव) र बौद्ध मन्दिर, विहार गुम्बाहरुमा सप्रमाणित छन् ।
(ङ) यो सम्वतको गरिमा नेपालीहरुको सभ्यताको विकासको अभिलेख हो ।



Wondershare PDFelement

# नेपालको सम्पदा ईतिहासमा एउटा नयाँ खजाना काँक्रे विहारको उत्खनन्

> शक्य सुरेन

पहाडी भेगको व्यवस्थित बस्ती सुर्खेत बजार/सुर्खेत बजारको नयाँ नाम वीरेन्द्रनगर/सुर्खेत उपत्यका समुद्री सतहबाट ७०० मिटर उचाईमा पर्दछ । यस उपत्यकाको दक्षिण पूर्वमा १७५ फिट जति अग्लो एउटा सानो पहाड छ । यो सानो पहाडको ढिस्कोले सदियौं पुरानो इतिहासको खजाना आफ्नो गर्भमा लुकाई राखेको थियो काँक्रे विहारको नाममा । भनिन्छ - २०२९ सालमा स्व. श्री ५ वीरेन्द्रको सुर्खेतमा सवारी हुँदा यस पुरातात्विक महत्वको भग्नावशेषको संरक्षण कार्यको थालनी भएको हो । सुर्खेत बजार को दक्षिण पूर्वमा रहेको यो काँक्रे विहारको नामले चिनिने ढिस्को शाल वनको बीचमा अवस्थित छ । यो भग्नावशेष वीरेन्द्रनगर भन्दा करिव ३ किलोमिटर टाढा लाटीकोइली गाउँ विकास अन्तर्गत पर्दछ । भनिन्छ - ककुच्छन्द विहारबाट यसको नाम काँक्रे विहार रहन आएको हो । सुर्खेतको काँक्रे विहारको बारेमा सुनेको त थिएँ तर हेर्ने मौका चाहिँ २०५६ कार्तिकमा युवा बौद्ध समूह, काठमाण्डौ तथा नेपाल मगर बौद्ध संघ, जिल्ला समिति सुर्खेतको संयुक्त आयोजनामा आयोजित ३ दिने "बौद्ध जागरण शिविर" को लागि प्रशिक्षक भई जाँदा मात्र प्राप्त भएको थियो । एउटा बुद्धको ठूलो मूर्ति र विभिन्न कला कुँदिएका ढुगाहरुको थुप्रोलाई काँढे तार बारले बारेर सुरक्षित गरिएको थियो त्यति खेर । मलाई लागेको थियो - नयाँ बस्ती सुर्खेतमा कसरी यति पुरानो भग्नावशेष ? यो खजाना खोलेर हेर्न पाए कति राम्रो हुन्थ्यो ।

खुसीको कुरा, अब श्री ५ को सरकार पुरातत्व विभागले ३ महिनाको लक्ष राखी २०५७ फागुन महिना देखि यसको उत्खनन कार्य शुरु गरेको छ । २०५७ वैशाख २७ गते District Partnership Program अन्तर्गत मुगुको गमदीमा तालीमको लागि जाँदा यसको उत्खनन कार्य भैरहेको हेर्ने सुवर्ण अवसर मैले पनि पाएँ । हिरामोतीको खजाना खोले झैं साच्चै महत्वपूर्ण, कलापूर्ण, सुन्दरमय भग्नावशेषहरु फेला परिरहेका छन् । पुरातत्वविद् उद्धव आचार्यको नेतृत्वमा एउटा प्राविधिक टोली, पुरातत्वविद्हरु त्यहाँ खटिएका छन् र उनीहरुको उत्खननबाट निस्केका मूर्तिहरुको, कुँदिएका ढुगाहरुको नम्बरिङ गर्ने, ड्रईङ गर्ने काम भैरहेको छ । उनीहरुको भनाई अनुसार पछि कम्प्यूटरमा राखी पहिलेको विहारको आकृति निर्माण गरिन्छ र सोही अनुसार जिर्णोद्धार गर्ने काम हुन्छ । त्यहाँ बुद्धका मूर्ति, सिंहको मूर्ति, हात्तीको मूर्ति, सरस्वतीको मूर्ति फेला पारिएका छन् । प्राप्त मूर्तिहरु सबै कुनै टाउको, कुनैको हात नष्ट भई अपाङ्ग झैं देखिन्छ । भग्नावशेषहरु देख्दा अजन्ता गुफाका कलाकृतिहरुको सम्झना हुन्छ । चारैतिर ढुङ्गाका सिंढिहरु फेला परेका छन् । यो मन्दिरको ढुगा पाटनको कृष्ण मन्दिरको ढुङ्गा झैं कालो कडा किसिमको ढुगा नभई सजिलैसित बुट्टा कुँदन सकिने दक्षिण भारतका विशाल मन्दिर निर्माण गरिएका ढुङ्गाहरु जस्तै नरम किसिमको छ । यो विहार नभई बौद्धगया मन्दिर जस्तो शिखर शैलीको मन्दिर देखिन्छ । विहारमा बुद्धको मन्दिरको साथै आराम गृह पनि हुन्छ । त्यस्तो यहाँ छैन । पुरातत्वविद् उद्धव आचार्यको भनाई अनुसार अहिले फेला परेको काँक्रे विहार मन्दिरको भग्नावशेषको सँगै दक्षिणी भागमा रुख उम्रिरहेको अर्को एउटा थुप्रो छ, त्यो सायद विहारको भग्नावशेष हुने सम्भावना छ । त्यो भग्नावशेषको

थुप्रो पनि खोतलेर नहेरिकन यो उत्खनन् पुरा हुने देखिन्न । यो काँक्रे विहार मन्दिरका कलाका शैलीहरु पाटनका मन्दिरको नेवार शैलीहरु भन्दा भिन्नै छ । यो पहिले भने झै भारतको अजन्ता, एलोरा सम्झना दिलाउने खालको छ । उद्धव आचार्यको भनाई अनुसार यो मन्दिर १२-१३ औं शताब्दितिरको हो र सम्भवत: यो कर्णाली भेगका खस मल्लहरुको पालोमा बनेको हुनुपर्छ । यो मन्दिर बुद्धको मूर्तिबाट dominate भएको छ र साना साना मूर्तिहरुमा सरस्वति आदि अन्य हिन्दू धर्ममा मूर्तिहरु पनि देखिन्छ । उहाँको भनाई अनुसार कर्णालीका खस मल्ल राजाहरु धार्मिक सहिष्णुतामा विश्वास गर्दथे । त्यहा पहिले म जाँदा एउटा अति आकर्षक ठूलो बुद्धको मूर्ति देखेको थिएँ, दोश्रो पल्ट जाँदा देखिएन । पुरातत्वविद्को भनाई अनुसार सो मूर्ति छाउनी म्यूजियममा लगिएको छ । यो काँक्रे विहार मन्दिर कृष्ण मन्दिरभन्दा पनि ठूलो छ । यो मन्दिर पुनर्निर्माण गर्न सकिएमा नेपालका शिखर शैलीका प्रस्तर मन्दिरहरु मध्ये यो सब भन्दा ठूलो हुनेछ ।

एक जमानामा कर्णाली अञ्चल बौद्ध संस्कृतिको केन्द्र नै भएको देखिन्छ । प्राचीन कालमा श्रावस्तीको जेतवन पूर्वाराम विहारका भिक्षुहरु, बौद्धहरु कर्णाली नदीको तीरै तीर भई मानसरोवर (अनुतप्त दह) यात्रा गर्दथे । त्यसरी नै कर्णाली अञ्चलमा खस राजाहरु पनि कर्णालीको तीरैतीर भएर श्रावस्ती भई लुम्बिनी र बुद्ध गयाको यात्रा गर्दथे । त्यसैले होला दैलेख, कालिकोटमा पनि बौद्ध स्तूप र विहार मा भग्नावशेषहरु छरिएर रहेको । सुर्खेतको एक स्थानीय बासिन्दाको भनाई अनुसार प्राचीन मानसरोवर यात्रीको मार्ग कर्णाली चिसोपानी - सुर्खेत - दैलेख - कालिकोट - बाजुरा - हुम्ला हुँदै मानसरोवर हो । कर्णालीका खस मल्ल राजाहरु बौद्ध थिए भने अहिलेका शाह राजाहरु मात्र कसरी हिन्दू हुनपुगे अनुसन्धान कै विषय भैदिएको छ ।

छलेन्द्र सेजुवालको भनाई अनुसार पाँचौ पुस्ताका खस राजा क्राचल्लले वि.सं. १२६४ मा दुल्लु (दैलेख) मा एक अस्थायी हिउँदे दरवार बनाएका थिए । त्यतिखेर सुर्खेत उपत्यका खस राज्यको प्रत्यक्ष तथा सशक्त अधिकारमा थियो । खस मल्ल राजाहरुको धार्मिक इतिहास अनुसार क्राचल्ल, अशोक मल्ल, रिपु मल्ल बौद्ध धर्मसँग सम्बन्धित थिए । यही प्रसंगमा यो काँक्रे विहारको निर्माण भएको हुन सक्तछ ।

यो मन्दिरको मूर्तिहरुको टाउको, शीरको भाग नष्ट भएको हुनु र त्यहाँको अवशेषको थुप्रोको प्रकृति र गाह्रोको चार कुने ढुगाहरुमा पनि कुनै हतियारले उखेल्न खोजेको जस्तो बिगारी राखेको आघातहरु देख्दा यो मन्दिर भत्केको नभई कुनै धर्म विरोधीहरुले भत्काईएको आभाष हुन्छ । त्यसैले मैले श्री उद्धवज्यूलाई भने "यो शमसुद्दिन हक नेपाल आउँदा भत्काइएको त होईन ?" उहाँ भन्नु हुन्छ - यो शम्सुद्दिन हक नेपाल आउनु भन्दा पछि बनाइएको मन्दिर हो । छलेन्द्र सिजुवालको भनाई अनुसार यो मुश्लिम शासक गयासुद्दिन तुगलकको आक्रमणमा परेको हुनुपर्छ ।

मेरो विचारमा यो मूल रुपमा बुद्धको मन्दिर हो र सहायकको रुपमा साना साना सरस्वती आदि हिन्दू धर्मका मूर्तिहरु पछि राखिएका छन् । पुरातत्वविद्हरु यसलाई दिल खोलेर बुद्धको मन्दिर भन्न चाहि रहेका छैनन् । त्यहाँ अवस्थित बुद्धको मूर्तिलाई देखाएर यो के को मूर्ति भनी सोध्दा उत्खननमा लागेकाहरु महावीरको मूर्ति होला भनी भन्ने गर्छन् । आजकल बौद्ध स्थल, बौद्ध देवदेवताहरु अनि बौद्ध चाडवाडहरु,

हिन्दूकरण गर्ने सुनियोजित प्रयास भैरहे झै यस कांक्रेविहारको इतिहासलाई पनि यसरी नै बंग्याउने प्रयास भईरहेको पनि देखिन्छ। सुनिन्छ यसलाई कसै कसैले महाभारतको पञ्चपाण्डवसँग गाँसेर पनि याख्या गर्न खोजिएको छ। जसले जस्तोसुकै बंग्याउन खोजेपनि अन्वेषण कर्ताहरु पूर्वाग्रह रहित हुनुपर्छ, निरपेक्ष हुनुपर्छ, निष्पक्ष हुनुपर्छ, जे छ त्यो अघि सार्नु पुरात्वविद्हरुको धर्म हो। श्रद्धेय भिक्षु सुदर्शन महास्थिविर ज्यूले पनि पुरातत्व विद्हरुमा पूर्वाग्रहको गन्ध रहेको आशंकामा सन्ध्या टाईम्स (नेपाल भाषा) दैनिकमा गुनासो पोखेको पढेको थिएँ तर पछि त्यो अंक फेला पार्न नसक्दा यहाँ उल्लेख गर्न सकिएन। अतः क्यांक्रेविहारको सत्य तथ्य निकाल्नको लागि बौद्ध विद्हरु अन्वेषण कर्ताहरु पनि सजग र सक्रिय हुनुपर्ने देखिन्छ, हामी सर्व साधारणहरु पनि चनाखो कान, चनाखो आँखा लिएर सजग भएर बस्नुपर्ने देखिन्छ।

अन्ततः कांक्रेविहार सुर्खेतको भविष्य हो। यो राष्ट्रिय धरोहर, विश्व सम्पदा, पर्यटकहरुको आकर्षण हुन सक्तछ पूनर्निर्माण गर्न सकिएको खण्डमा। यो उत्खनन् हेर्न आउने सुर्खेत वासीहरु पनि दिनानु दिन बढी रहेको छ र उनीहरुले यसलाई आत्मसात गर्न खोजेको देखिन्छ। भोली यस्ले गर्दा सुर्खेत आन्तरिक र अन्तरक्रिया पर्यटकहरुको थलो हुनेछ। इण्डोनेशियाका मुश्लिमहरुले बोरोबुद्ध बुद्ध मन्दिरको संरक्षण गरी पर्यटकबाट राष्ट्रिय आय बढाए झै सुर्खेतको पनि आर्थिक स्तर वृद्धि हुनेछ। भविष्यमा सुर्खेत भएर मानसरोवर यात्रा गर्ने परम्परा फेरि थालनी हुनेछ। अस्तु।

*(यो लेखको लागि पुष्पराज शाक्यको 'कांक्रे विहार', छलेन्द्र संजुवालको 'कांक्रे विहारको उत्खनन' र उपेन्द्र बहादुर कि.के. को 'कांक्रे विहारको भग्नावशेष उत्खनन् जारी' को पनि आधार लिएको छ।)*


श्रद्धेय अनगारिका धर्मशीला गुरुमाको

*१५औं पूण्य तिथिमा उहाँ प्रति*

हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु।

सरोज शाक्य

शाक्य ज्वेलर्स

तेर्सापट्टी, फोन नं. :- २०६३२

श्रद्धेय अनगारिका धर्मशीला गुरुमाको

*१५औं पूण्य तिथिमा उहाँ प्रति*

हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं।

स्वराज गहना, सुन चांदी दुकान

मोहरीयाटोल, पोखरा, फोन नं. :- २३३३७


***बुद्धधर्मले कहिल्यै-पनि शस्त्र अस्त्रको आड लिएन। तैपनि संसारको ठूलो भूभागमा यो आश्चर्यजनक गतिले फैलिँदै गएको छ।***

– टी.एक्स. हक्सले

श्रद्धेय अनगारिका धर्मशीला गुरुमाको १५औं पूण्य तिथिमा
उहाँ प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

बुद्धाचार्य गहना गृह

सुन चाँदि दुकान

संगम चोक, मोहरिया टोल, पोखरा, कास्की

फोन :- ०६१-२०७३१, २३९२१, मोबाईल नं. :- ९८६०-२०११९

शुद्ध मन स्वच्छ वातावरण,
स्वस्थ्य तन सुन्दर आभुषण

स्वर्ण ध्रुव

Shorna Dhruva

सुन चांदीका गहना

तेर्सापट्टी, पोखरा - ३/८ फोन नं. :- २०६३२

श्रद्धेय अनगारिका धर्मशीला गुरुमाको
१५औं पूण्य तिथिमा उहाँ प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

Where The Music Meets The Mountains

पोखरा
एफ.एम.

Chipledhunga 48, Pokhara - 4,
Tel : 32583m 33131, P.O Box : 151
E-mail : pkrfm@958.bb.com.np



योगमणि ताम्राकार

मेरा प्रातः स्मरणीय पति योगमणि ताम्राकारज्यूको मिति २०५७ साल चैत्र ९ गते असामयिक निधन भएकोमा म र परिवारजन सबै शोक विह्वल भएका छौं।

हाम्रो यस शोकको घडीमा हामीप्रति समवेदना प्रकट गर्नु हुने सम्पूर्ण इष्टमित्र, नाता कुटुम्ब तथा शुभचिन्तकहरुमा म मेरो सम्पूर्ण परिवारको तर्फबाट हार्दिक धन्यवाद टक्रयाउछु र दिवंगत पतिको चिरशान्ति र निर्वाण लाभको कामना गर्दछु ।

धर्मपत्नी इन्दुमाया ताम्राकार
अर्चलबोट, पोखरा

# लुम्बिनी विश्व शान्ति स्तूप

➢ तिलकमान गुभाजू

शाक्यमुनि भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनीमा जापानको बौद्ध संस्था निप्पानजान म्योहोजीद्वारा निर्मित लुम्बिनी विश्व शान्ति स्तूपको गत २०५८ कार्तिक १८ गतेका दिन उद्घाटन भयो। निप्पोनजान म्योहोजीद्वारा विश्वको विभिन्न भागहरुमा निर्मित ७३ वटा शान्ति स्तूपहरुमा लुम्बिनी विश्व शान्ति स्तूप सबभन्दा ठूलो र अग्लो मानिन्छ। यसको उचाई ४१.५ मिटर छ भने गोलाई (परिधि) ५९ मिटर छ। यो बनाउनका लागि ९०० मेट्रिक टन सिमेण्ट लागेको थियो भने ४११ मेट्रिक टन स्टील छड लागेको त्यस संस्थाले जनाएको छ। २७,००० स्क्वायर फीट राजस्थानी मार्बल लागेको स्तूप बनाउन ७ वर्ष लागेको तथा स्तूपको चारै तिर स्थापित बुद्ध मूर्तिहरु र गजुरको खर्च मत्र १ करोड ५० लाग लागेको वताइएको छ। ती बुद्ध मूर्तिहरुमा सब भन्दा अगाडि सिद्धार्थको जन्ममूर्ति, सम्वोधिलाभ, धर्मचक्र प्रवर्तन र महापरिनिर्वाण मुंद्राका प्रतिमाहरु राखिएका छन्।

निप्पोनजान म्योहोजीका संस्थापक गुरु निचिदास्सु फुजीले वि.सं.१९८१ मा लुम्बिनीको दर्शनगर्न जांदा त्यहा एउटा स्मारक निर्माण गर्ने परिकल्पना गर्नु भएको थियो। तर त्यसवेला निर्जन प्राय रहेको त्यस ठाउंमा त्यस्तो केही वनाउनु सम्भव थिएन र उहाले २०११ सालमा आफ्नै देशको हानोवाकापामा भन्ने ठाउमा ३५ मिटरको पहिलो शान्ति स्तूप निर्माण गर्नुभयो। त्यस पछि उहाँले आफ्नो देशको अतिरिक्त श्रीलका, भारत, भियना, ईटली, अष्ट्रिया, वेलायत, अमेरिका लगायतका देशहरुमा शान्ति स्तूपहरु वनाउनु भयो। भगवान बुद्धको नाममा अन्य देशहरुमा शान्ति स्तूपहरु वन्नु तर बुद्धको जन्मभूमि नेपालमा एउटा पनि शान्ति स्तूप नबनाउनु त्यसवेला एउटा विडम्वना भैं नै भएको थियो।

श्रद्धेय भिक्षु फुजी गुरुले २०२९ सालमा लुम्बिनीमा केही जग्गा किनेर पूजा गरी स्तूप वनाउन खोज्नु भयो। तर उहाँलाई त्यो कार्य गर्न दिइएन। त्यसपछि उहाँले प्रेम वहादुर शाक्य मार्फत काठमाण्डौंको स्युचाटारमा स्तूप बनाउन लाग्नु भयो। त्यहाँ पनि उहाँले त्यो काम गर्न पाउनु भएन। तात्कालिन सरकारले उहाँलाई त्यो कार्यगर्न प्रतिबन्ध लगायो। त्यसपछि उहाँ पोखरा आउनु भै अनागरिका धर्मशीला गुरुमासँग स्तूप बनाउने इच्छा व्यक्त गर्नु भयो। त्यसै क्रममा गुरुमाले उहालाई मीन बहादुर गुरुङसंग परिचय गराउनु भयो। उहाँहरुको परामर्श पछि पोखराको अनदु थुम्कीमा २०३० सालमा विश्व शान्ति, स्तूप निर्माण गर्न थालियो। त्यस ठाउँमा प्रार्थना हल, गुरुजी वस्ने एउटा विहार र पाहुना घर निर्माण भए पछि स्तूप करीव ३५ फीट उचाईमा के पुगेको थियो मारको आक्रमण भयो। स्थानीय प्रशासनले नगर योजना अन्तर्गत नभएकोले भनेर नगर क्षेत्र देखि वाहिर निर्माण भैरहेको सो स्तूप, विहार, प्रार्थना हल र पाहुना घर समेत सबै भत्काई दियो। यस अघि निर्माण कार्यमा लाग्नु भएका मीन बहादुर गुरुङ र उहाका छोरा कृष्ण वहादुर गुरुङलाई शान्ति सुरक्षा ऐन अन्तर्गत थुनामा राखिएको थियो। बुद्धको देश नेपालमा बुद्धको नाममा वनाइएको स्तूप विगार्नु अर्को ठूलो बिडम्बना हो। सरकारको त्यस कार्यको देश भित्र र वाहिर ठूलो विरोध भयो र बौद्धहरुले सम्यक विचार गरेर शान्तिपूर्वक रहे र धैर्यपूर्वक प्रतीक्षा गरे। देशमा प्रजातन्त्र आएपछि सोही भत्काइएको ठाउँमा पुनः विश्व शान्ति स्तूप निर्माण भयो भने रोक्का गरिएको ठाउँ

लुम्बिनीमा पनि झन भव्य र विशाल शान्ति स्तूपको निर्माण भयो र त्यसैले यो शान्ति स्तूपलाई बौद्ध विद्वान एवं संस्कृतिविद् भिक्षु सुर्शन महास्थविरले "बौद्धहरुको क्षान्ति र वीर्यको प्रतीक" भनेर भन्नु भएको छ।

लुम्बिनी विश्व शान्ति स्तूपको थालनी वि.सं. २०५१ मा गरिएको थियो। स्तूप निर्माण कार्य सूचारु रुपले भैरहेको वेलामा फेरि त्यहाँ पनि अर्को मार आयो। वि.सं. २०५५ मा आएको त्यस असामाजिक मार ले त्यहाँ निर्माण कार्यमा अथक परिश्रमका साथ लागि पर्नु भएका भिक्षु युनाताका नावातामेको गोली हानी हत्या गरिदियो। अहिंसात्मक सिद्धान्तका प्रतिपादक भगवान बुद्धको जन्म स्थल लुम्बिनीमा शान्ति स्तूप निर्माण गरी विश्वमा शान्ति फैलाउन खोज्ने शान्तिकामी भिक्षुको हत्या गरिनु आफैमा अर्को ठूलो विडम्वना हो। जुन विडम्वना अन्यत्र हैन, शान्ति भूमि लुम्बिनीमा भयो। पटक पटक यस्तो जघन्य अपराधिक क्रियाकलाप हुँदा पनि भिक्षुहरुले कति पनि विचलित नभै धैर्यपूर्वक स्तूप बनाउने काम अगाडि बढाउँदै लगे। जसको परिमाण स्वरुप आज त्यो स्तूपले पूर्णता प्राप्त गर्न सफल भयो। भगवान बुद्धको "नहि वेरेण वेराणि सम्मती ध कुदाचन" अर्थात वैर भावले वैर शान्त हुँदैन, मैत्री भावले नै वैरभावलाई शान्त पार्न सक्दछ भन्ने उपदेश भिक्षुहरुले आफ्नो आचरण र व्यवहारबाट परिलक्षित गरि प्रदर्शित गरेका छन्। आफ्नो धर्मका आँदर्श र सिद्धान्तलाई कठिन भन्दा कठिन अवस्था एवं आपत् विपद् पर्दा पनि के कसर अपनाउनु पर्दछ भन्ने यो एक उदाहरण हो।

स्तूप बनाउने बौद्धहरुको प्राचीन परम्परा हो। यसवेला यस्तो स्मारकलाई थुर, थुप, थुवे, चेतिय, चैत्य आदि भनिन्थ्यो भने आज समयको क्रममा स्तूप शब्द प्रचलित भएको छ। यस अघि हाम्रो देशमा प्रख्यात स्वयम्भू चैत्य, बौद्धनाथ चैत्य, अशोक थुर, चारुमति चैत्य निर्माण भएको आज पनि प्रत्यक्ष छन्। चैत्यको ईतिहास हेर्ने हो भने शाक्य मुनि बुद्धको महापरिनिर्वाण भए पछि उहाँको अस्थि धातु लगेर विभिन्न आठवटा देशहरुले आ-आफ्नो ठाउँमा धातु चैत्य निर्माण गरेको बौद्ध वाङ्मयमा उल्लेख छन्। जुन चैत्यहरु मध्ये हाम्रै देशको नवलपरासी जिल्लाको प्रख्यात रामग्राम स्तूप पनि एक हो। जुन चैत्य कोलियहरुले बनाएका थिए भने त्यसको भग्नावशेष आज पनि प्रष्ट रुपमा हाम्रो सामु छ। रामग्राम स्तूपको यो पनि विशेषता रहेको छ कि तात्कालिन अवस्थामा निर्मित अन्य सातवटा देशका स्तूपहरुबाट सम्राट अशोकले धातुहरु झिकेर ८४००० स्तूपहरु बनाउने अभियान चालेका थिए भने यो स्तूपको धातु नागहरुले रक्षा गरि राखेका तथा हातीहरुले पूजा गरिराखेकाले सुरक्षाको दृष्टिले पनि यहाँको अस्थिधातु झिक्न आवश्यक नसम्झी सम्राट अशोक फर्केका थिए।

कतिपय विद्वानहरु, पुरातत्ववेत्ताहरु एवं इतिहास विद्हरुले लुम्बिनीमा शाक्यमुनि भगवान बुद्धले पहिलो पटक पाइला टेकेको ठाउ जुन ठाउँमा चिनो ढुङ्गा (Marker Ston) पाइएको थियो, त्यसैलाई पहिलो सार्वजनिय चेतिय हो भनेका छन्। त्यो, जे भएपनि सम्राट अशोकले चैत्य बनाउने काममा तिव्रता ल्याए पनि त्यसपछि पनि बौद्धहरुले चैत्य बनाउने काम निरन्तर गर्दै आएका छन्। समयको क्रममा चैत्यको आकार प्रकारमा फरक हुनु र बनोटमा फरक हुन अर्थात् नाममा पनि फरक आउनु अर्कै कुरा हुन्। तर सिद्धान्त र आदर्श ती सबैको एक हुन - शान्तिको सन्देश प्रचार गर्नु। जापानको निप्पोनजान म्योहोजीले यहाँ शान्तिको सन्देश फैलाउन आज शान्ति स्तूपको नाममा विश्वका विभिन्न ठाउँहरुमा शान्ति स्तूपहरु बनाउँदै छन्। लामो लामो शान्ति पदयात्रा गर्नु र ठूलोठूला शान्ति स्तूपहरु बनाउनु त्यस संस्थाको विशेषता

नै भएको छ । त्यस संस्थाले आणविक हातहतियारको विरोधमा युरोप, अमेरिकामा शान्ति पदयात्रा गर्न लामो बाटो पार गरेका छन् र संयुक्त राष्ट्र संघलाई समेत प्रभाव पारेका छन् । लुम्बिनी शान्ति स्तूपका उद्घाटनको शिलशीलामा काठमाण्डौदेखि पृथ्वी राजमार्ग हुँदै पोखरामा र पोखराबाट सिद्धार्थ राजमार्ग हुँदै भैरहवा र त्यहाँबाट लुम्बिनी सम्मको ४४० कि.मि.को दुरीलाई २५ दिन लगाएर पदयात्रा गर्नु आफैमा महत्वपूर्ण कुरा हो । त्यसमा पनि शान्ति पद यात्रीहरु पुगेका ठाउँमा स्थानीय उपासक उपासिकाहरुले उत्साहपूर्वक स्वागत गर्नु र आफ्नो क्षेत्रमा पदयात्रीहरुको साथ सहयात्रा गर्नुले पदयात्राको महत्व र गरिमा अरु बढाएको थियो । देशी र विदेशीहरु गरी ३२ जनाको पद यात्रा टोलीमा सबभन्दा कम उमेर का २१ वर्षीय काजुहितो हाजा (जापान) हुनुहुन्थ्यो भने सबभन्दा जेठो ७० वर्षीय लामाशेख (कृयणमान श्रेष्ठ, नेपाल) हुनुभएको उल्लेखनीय रहेको छ ।

नेपालको शान्तिस्तूपको चर्चा गर्दा एउटा अर्को व्यक्तित्व पनि सधै उल्लखनीय रहेको छ, त्यो व्यक्तित्व हो - भूतपूर्व प्रधानमन्त्री गिराजाप्रसाद कोइराला । पोखराको शान्ति स्तूपको पुन: निर्माणको शिलान्याश उहाँकै हातबाट भएको थियो भने प्रतिष्ठापूजा पनि उहाँबाटै सम्पन्न भएको थियो । त्यस्तै लुम्बिनी शान्ति स्तूपको शिलान्यास पनि उहाँकै प्रधानमन्त्रीत्व कालमा उहाँबाटै भएको थियो भने अब उद्घाटन पनि उहाँबाटै सम्पन्न भएको छ ।

निम्पोनजान म्योहोजीद्वारा नेपालमा निर्मित शान्ति स्तूप मध्ये सबभन्दा पहिलो पोखराले पाएको छ भने दोश्रो लुम्बिनीमा निर्माण भएको छ । अब तेश्रो कहाँ बन्ने प्रश्न पनि आएको छ । शान्ति पद यात्राको दौरानमा काठमाण्डौको एक ठाउँमा Why not Peace Pagoda in Kathmandu भनी ब्यानर समेत टाँगेर शान्ति स्तूपको माग पनि गरिएको थियो । शान्ति स्तूपको चाहना र माग आज जताततै बढ्दै गएको छ । यस्तो चाहना र माग हुनु बुद्ध धर्म प्रतिको आस्थामा वृद्धि हुनु हो भने शान्ति प्रतिको मानिसको अभिरुचि बढ्नु हो । यस्तो आस्था र अभिरुचिले निश्चय नै समाजलाई सद्मार्गतिर डोऱ्याउने छ, सद्धर्मतिर लाग्न प्रेरित गर्नेछ ।

श्रद्धेय धर्मशीला गुरुमा को १८औं पुण्य स्मृतिमा
उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पणगर्न
चाहान्छौं ।

सुवर्ण आभुषण

सिंहनाथ टोल, पोखरा - १

फोन नं. :- २२३२५

*विश्वलाई विनाशबाट बचाउने एउटै मात्र उपाय छ, त्यो हो – भगवान बुद्धको सन्देश बढी भन्दा बढी जीवनमा उतार्नु ।*

- डा. राजेन्द्रप्रसाद

# Buddhist Thought and Asia in the 21st Century

## Digitalization, Globalization and Buddhist Wisdom

**Bukkyou Keiei Forum**
Koshi TAKESHITA
Kansai University

## I. Introduction

During the last decade, information technology has made rapid progress, which is called the digital revolution and the global economy has been emerging. In this digitalization and globalization, our present analytical framework has got less effective and we do need a new framework which will become a new common sense in the 21st century instead of the present one. I will consider a new framework from Buddhist point of view.

One of the most important Buddhist teachings, I think, is to stick to nothing. It means that we have to be released from everything, treat everything equally, and make full use of everything. This Buddhist teaching requires us to be free from the paradigm of Modern Western Civilization. That is one of my conclusions here and a starting point for us to get a new framework.

First of all, in the following, I consider what the essence of Modern Western Civilization is. Second, I point out that our own time demands us to be free from Western Civilization which is the basis of our present framework. Finally, I will show a new framwork (a new common sense) that we get when we are free from sticking to Western Civilization. In addition, the table on page 4 shows the key points that I would like to make with this paper.

## II. Modern Wester Civilization: our present (unrealistic) framework:

As is well known, since the dominance of modern Western Europe was established by the Science Revolution in the 17th century, Modern Western civilization has dominated the whole world for three hundreds years. Contemporary world is still under the strong influence of Western Civilization, though its limits have been pointed out since the late 19th century and much widely discussed today. We can see many cases that prescriptions of IMF based on Western value did not solve the problems of transition economies after the collapse of socialist countries, and did not cope well with money crisis of East Asia in 1997, but threw the countries into confusion. It is, therefore, very important to grasp the essence of Western civilization in considering the whole world in the 21st century.

It is the combination of science with technique (modern technology) that has been a source of stron influence of Modern Western Civilization for the last three hundreds years. Modern technology which is divorced from religion and culture (value, end, and order), is characterized by 'partial rationality' and 'control'. Partial rationality means consistency only in a sub-system without reference to rationality of the whole system (total rationality). Because

rationality of modern technology is partial and short-term one, it seems possible to control the sub-system completely.

Partial rationality in modern technology has both a distinctive merit and a fatal demerit. Modern society based on technology has been able to make tremendous progress without reference total and long-term rationality. In fact, what modern technology has produced is beyond comparison with what tradional technique had produced. Yet, Modern Western Science denied value and order included in religion and culture, and ended up having a tendency to compress both time and space, denying tradition and culture of each society, and breaking the basic foundation of our own lives. Therefore, the modern age was a history of rapid progress in technology and economy. At the same time, it was also a history of destroying tradition and culture which had been formed in each society for a long time, expecially in non-European countries including Asia. In other words, modern history has been made at the great cost of losing valuable tradition and culture having much relation to total and long-term rationality.

Now we have serious problems in many different areas, such as politics, economy, and golobal environment and there comes much more cost than benefit in Western Civiliztion. It is quite natural that modern Socience should lose its own end and lead to 'science for science', because it excluded value and order in religion and culture and accepted utilitarianism insted. Science, losing its own end and direction, necessarily results in confusion and collapse of social order. Moreover, overwhelming fruits produced by modern technology had an great impact upon not only real world but also world of studies. In the latter, the method of natural science to pursue partial rationality became a standard norm even in cultural and social sciences studying value and culture with total rationality. As a result, they were in big confusion, lost the influence, and were't able to point out a direction of the whole society. Therefore, we do need a new framework now.

## III. The age of digitalization and gobalization

In the 1970s, economic society began to change into information-service-oriented society. During the last decade, rapid innovation of information technology has made it possible for us to receive and send much information without restraints by time, space and basic attributes of human-being. Modern Western Civilization pursued partial rationality, compressed time (historical features) and space (regional reatures), and expanded utility value. This was intensified by digitalization, and contemporary society becomes quantity-oriented society which pursues partial rationality, where everything is standardized, qualified, and controlled. Digitalization so far is closely connected with rationalization in the sense that innovation of information technology expands the sphere of control. At this point, digitalization is in line with Modern Science.

Yet, it is probable that digitalization goes beyond the paradigm of Western Civilization. Digitalization makes us to be free form time, space, and basic attributes of human-being.

It does not mean that they become meaningless, but that anybody is free to choose time, place and person (partner). To be brief, as they become more important in digital society that in industrial society, their features (historical, rigional, and personal features) are probably restored. We may call it a transformation of paradigm on social system, that is, a shift of paradigm from fixed and stationary system to flexible and dynamic one.

In fact, the global economy has been rapidly emerging as the importance of national boundaries has diminished fast with digitalization, Globalization is not only in economic scene so that we have to consider total and long-term rationality on the globe-wide scale. We are not able to solve the various problems in contemporary society by means of the existing paradigm based on Modern Western Civilization, because it seems to reach the limits today, as the earth environmental problems have shown.

Therefore, it is abviously an indispensable precondition that to solve contemporary problems we should become free from 'Modern as time' and 'Western Europe as space', that is, from the paradigm of Modern Western Civilization. The Western paradigm is characterized by dualistic. thinking. Dualism tends towards extremes or excessiveness of things, lacking totality and leading to various problems, as has been pointed out, In contrast, Buddhism goes beyond such dualistic thinking and has a possibility to restore toality and solve the problems brought by Western civilization. Buddhism, which was born and handed down from generation to generation in Asia, will surely produce a new framework instead of the present one. It is often said that 'the 21st century is the age oa Asia', and we can see that saying best in the sense that Asian countries where Buddhism is penetrated among people are likely to play an important role in making a new paradigm in the 21st centruy.

## IV. A new framework (a new common sense): Buddhist Wisdom

Now is the time that the existing dominant paradigm should change into a new one. From a buddhist perspective, what we should do at present is to be released from the dominant paradigm of Modern Western Civilization which has dominanted the modern world for a long time. That is a starting point for us to think of a new framework ( a new common sense). To become free from 'Modern Western Civilization as time and space' is not to deny it, but to treat all paradigms equally without any prejudice. We should make the most of what it produced, at it is common property for us human-being. But, we have to use it as harmoniously to each society and culture as possible.

The basic principles of a new common sense, when we become free from the aradigm of Western Civilization, are as follows;

(1) integration of modern technology with history, culture, and nature.
(2) taking total and long-term rationality into consideration.
(3) realism (restoration of reality, restoration of subject)
(4) social individual (self) based on social institutions.
(5) economy re-embedded in the whole society.

Comparing to the principles of a new framework above, those of the present framework based on the paradigm of Western Science are as follow;

(a) commbination of science with technique (modern technology: divorce of technology from history, culture, and nature)

(b) taking only partial and short-term rationality into consideration

(c) objectivism (scientism, priority of method)

(d) completely independent and rational individual (individualism, social contract theory)

(e) take-off economy from society (priority of economy)

Comparing the principles of a new framework ((1) ~ (5)) with those of the Western paradigm ((a) ~ (e)) respectively, it seems that the former is the opposite of the latter, but it is not true. Comparison (1) with (a) provides a good example. Modern Science always gives priority to technology. In a new framework, any priority is not given to, but we do need to make an effort to integrate technology with history, culture, and nature. The same holds in other cases, as (2) vs. (b), (3) vs. (c), (4) vs. (d), and (5) vs. (e).

Modern Western Civilization ran to extremes (see Table on the next page). In comparisons, such as technology and culture, technology and nature, part and whole, object and subject, individual and society, progress and tradition (history), economy and society, and so on, Western Civilization considered only the former meaningful and neglected the latter. As a result, it made both great progress and big contradiction and sacrifice. A new common sense in the 21st century seems to be not in running to extremes, as Modern Society has pursued, but in the middle way between two extremes. That is 'Buddhist Middle Way' and the essence is to restore totality (wholesomeness).

In 'Buddhist Wisdom' we do make the best of two extremes 'for ourselves', not running to any extreme. It is not an easy path. It is true that economic golobalization with digitalization made Western Civilization world-wide today, but it is not always true in some other respects. At the present when technology has reached the level of individual, as personal computer and the Internet have shown, we come to recognize that individual is not completely independent and rational subject but he/she is based on many kinds of custom and institutions, culture, and community. In this sense, one of the basic premises of Modern Civilization collapsed.

Modern technology pursuing partial rationality was established by being divorced from religion and culture, and denying end and humanity. The less influence religion and culture have, the bigger the confusion and disorder of studies and societies become. As a result, in Modern Western Civilization, science lost its own direction, social order and natural environment were destroyed, and humanity was lost. To restore and keep them, therefore, we do need to grasp the totality in tradition and culture handed down from generation to generation in every society and reconsider how to make full use of it in the 21st centry. buddhism is the infinite fountain of wisdom for us to realize it.

| | I. Modern (18 ~ 19th c.)<br><partial rationality><br>sticking to things (partiality) | II. Contemporary (20th c.)<br><going to extremes><br>delusion, agitating, excessiveness | III. Future (21st c.~)<br><Middle Way: Wisdom><br>restoration of totality, calming |
|---|---|---|---|
| science, technique, culture, nature | (a) * **science + technique**<br>* control **(technology)**<br>* divorce from religion and culture<br>* exclusion of value, order | * **digitalization (present)**<br>* loss of vitality<br>* cultural and social science in confusion<br>* social disorder | (1) * **technology + history, culture, nature**<br>* restoration of cultural and social sciences<br>* restoration of value (religion) |
| part, whole | (b) * partial rationality<br>* subdivision, specialization. | * irrationality in the whole<br>* dehumanization | (2) * total rationality<br>* restoration of humanity |
| object, subject | (c) * objectivism (scientism)<br>* utilitarianism | * priority of method (unrealistic)<br>* relativism | (3) * restoration of subject<br>* realism (restoration of reality) |
| individual, society | (d) * individualism<br>* social contract theory | * egoism, liberalism<br>* nationalism, socialism | (4) * individual (self) based on social institutions |
| progress, tradition | * progressivism<br>* divorce from tradition | * society towards excessiveness<br>* loss of historicity | * development based on tradition<br>* restoration of historicity |
| economy, society | (e) * take-off of economy<br>* priority of economy | * **globalization (present)**<br>* quantity-oriented society | (5) * economy re-embedded in society (social institutions) |


श्रद्धेय गुरुमा अनगारिका धर्मशीलाको
१८औं पूण्य तिथिमा उहाँ प्रति
हार्दिक श्रद्धाञ्जली
व्यक्त गर्दछौं ।

"शुद्ध सुनका आकर्षक गहना"
शुद्ध काम उचित दामको
लागि सधैं सम्झनुहोस् ।
कञ्चन आभूषण

वैदमान गुभाजु
एवं
कञ्चन आभूषण परिवार
मोहरिया टोल, पोखरा
फोन :- २१५४९, २२४३४, २२४२९

# स्व. मेजर पूर्ण बहादुर गुरुङ

➢ शंकर गुरुङ
नयाँ बजार - ९

सामाजिक संघ संस्थाहरुसँग आवद्ध रहेर आफ्नो योगदान दिने कास्की जिल्लाका समाज सेवीहरुमा मेजर पूर्ण बहादुर गुरुङको नाम अग्रस्थानमा आउँछ। ७ सेप्टेम्बर १९३३ मा भदौरे तामागी गा.वि.स. वार्ड न. ३ तामागी गाउँमा वहाँको जन्म भएको हो।

आमा विष्णु गुरुङ र पिता खडग सिह गुरुङको जेठो छोराको रुपमा जन्मनु भएका मेजर पूर्ण बहादुर गुरुङले ब्रिटिश गोरखा सैनिकमा लामो सेवा गरे पछि नेपाल फर्केर आफ्नो प्राय समय सामाजिक सेवामा बिताउनु भयो।

सन् १९८७ देखि १९९४ साल सम्म नेपाल रेडक्रस सोसाइटी कास्की शाखाको कोषाध्यक्ष त्यसपछि अध्यक्ष पदमा बसी सोसाइटीको महत्वपूर्ण जिम्मेवारी सफलतासाथ वहन गर्नुभयो। सन् १९९४ साल देखि नेपाल रेडक्रस सोसाइटी नेशनल काउन्सीलको सदस्य पनि रहनु भयो।

बौद्ध अर्घौ सदन रामघाट पोखरामा सन् १९८२ देखि १९८५ सम्म अध्यक्ष र त्यस पछि सल्लाहकार अध्यक्ष र हाल सल्लाहकार सदस्य रही सदनको भौतिक तथा धार्मिक क्षेत्रमा उल्लेखनीय सेवा पुऱ्याउनु भएको थियो।

पोखरा नगर विकास योजना, गण्डकी अस्पताल विकास वोर्ड, पोखरा विश्व विद्यालय स्थापना समितिमा वहाँ सदस्य रहनु भयो। उहाँ सिनेटका सदस्य पनि हनुहुन्थ्यो।

वृटिश गोरखा सैनिकको सेवा अवधिभरका आफ्ना अनुभवहरुलाई सगाली निवृत्त भै नेपाल फर्केका आफ्नो रेजिमेण्टका साथीहरुको जमात ६ गोरखा राइफल रेजीमेन्टल एसोसियसन खडा गरी त्यसमा अध्यक्षको जिम्मेवारी बहन गर्नु भयो। वृटीश भुतपूर्व सैनिक क्लवमा पनि वहाँ अध्यक्ष रहनु भयो।

धर्मोदया सभाका आजिवन सदस्य, नेपाल पर्वतारोहण सघ, अन्तराष्ट्रिय पर्वतारोहण संग्रहालय समितिको सदस्य रहिसक्नु भएका मेजर पूर्णवहादुर गुरुङ विकास कोष नर्वे संग सम्बन्धित माछापुच्छ्रे विकास सघ कास्कीका सल्लाहकार हुनु हुन्थ्यो।

सन् १९५१ मा वृटीश सेनामा भर्ना हुनु भएका मेजर पूर्णवहादुर गुरुङ आफ्नो नोकरी पुरागरी मेजर पदवीमा सन् १९८१ मा सेवा निवृत्त हुनुभयो।

वृटिश गोरखा राइफलबाट सेवा निवृत्त भए पश्चात उद्योग व्यवसायीमा प्रत्यक्ष सलग्नहुनु भयो। गण्डकी नुडल्स प्रा.लि. पोखरा, म्याकोरनी प्रा.लि., क्रिम्स वेफल प्रा.लि. र एभरेष्ट प्रा.लि.मा निर्देशक रहनु भयो। गण्डकी ब्रीक फ्याक्ट्री लिमिटेडमा योजना निर्देशक, प्रबन्ध निर्देशक तथा कार्यकारी अध्यक्ष रहनु भयो। पोखरा फाइनान्स क.लि.का संस्थापक सदस्य तथा हाल निर्देशक पदमा हुनुहुन्थ्यो।

सयुक्त राज्य, जर्मनी, अफ्रिका, अष्ट्रेलियामा विभिन्न तालीम प्राप्त मेजर साहेव एक कर्मठ स्वाभिमानी र मिलनसार व्यक्ति हुनु हुन्थ्यो। एक श्रीमती, दुईछोरा र चार छोरीका पिता मेजर पूर्ण बहादुर गुरुङले २०५८ कार्तिक १९ गते विहान मणिपाल शिक्षण अस्पताल पोखरामा देहत्याग गर्नुभयो। उक्त दिन बेलुकी बौद्ध अर्घौसदनको चितामा वहाँको अन्तिम संस्कार गरियो ! आफ्ना प्रिय परिवार, साथीसंगी, कुलकुटुम्व, सहकर्मी सबैले गहभरी आँशु लिदै अन्तिम विदाई दिए।

श्रद्धाञ्जीका दुई शब्द तिमीलाई।

# हार्दिक समवेदना



जन्म
७ सेप्टेम्बर १९३३

स्वर्गारोहण
४ नोवेम्बर २००१

समाज सेवी मेजर पूर्ण बहादुर गूरुङको ६९ वर्षको उमेरमा दुःखद निधन भएकोले हामीलाई शोक-विह्वल तुल्याएको छ ।

यस दुःखको घडीमा उहाँको निर्वाण प्राप्तीको कामना गर्दछौ र शोकसन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

शंकर गुरुङ तथा परिवार
**गण्डकी अटो ट्रेडर्स,**
नयाँ वजार, पोखरा-९

उमरध्वज गुरुङ
अध्यक्ष
तथा
**बौद्ध अर्घौ सदन परिवार**

ना.सु. बिल बहादुर गुरुङ
*तथा परिवार,*
**मनोकामना आयल स्टोर्स**
बुद्धचोक, पोखरा ।

## वनेपामा कथिनोत्सव

२०२६ कार्तिक २६ गते वनेपा वोधि चर्या विहारमा श्रद्धेय भिक्षु वोधिसेन महास्थविर वर्षा वास वस्नु भई निर्वाध रुपले पूर्ण गर्नु भएको उपलक्ष्यमा कथिनोत्सव भव्य रुपले सम्पन्न भयो। उक्त कथिन दान कार्य श्रामणेर अस्सजितद्वारा गरिएको थियो। नीज श्रामणेरको पहिले आनन्द कुटी विहारमा श्रामणे हुदै अस्सजित नै नामाकरण गरिएको थियो। त्यस कारण त्यही नामले श्रामणेर अस्सजित भएर कथिन चीवर दान दिनु भएको थियो। उक्त दिन कार्यक्रम अनुसार :

(१) भिक्षु तपस्वीवाट वुद्ध पूजा।
(२) भिक्षु अश्वघोषवाट शील प्रदान।
(३) भिक्षु तपस्वीवाट वाँकी गाथा सहित वुद्ध पूजा भयो।
(४) भिक्षु ज्ञान पूर्णिकवाट श्रामणेर प्रव्रज्या र दुर्लभ प्रव्रज्याको महत्व बारे प्रकाश भयो।
(५) श्रद्धेय भिक्षु वोधिसेन महास्थविरवाट स्वागत।
(६) भिक्षु अश्वघोष महास्थविरवाट कथिन चिवरदानको वाक्य उच्चारण भई भिक्षु महा संघलाई श्रामणेर अस्सजितद्वारा कथिन चीवरदान दिइयो। त्यस पछि अष्ट परिष्कार दान भयो।
(७) भिक्षु नन्दले कथिन चीवर दानको महत्व र आनिसंसवारे धर्म देशना गर्नु भयो।
(८) भिक्षु कौण्डन्यले सभालाई तथा सहयोग गर्नु हुने सबै उपासकोपासिकाहरुलाई धन्यवा दिनु भयो
(९) भिक्षु धम्म शोभन महास्थविरबाट पुण्यानुमोदन भयो।
(१०) १० बजे देखि ११ वजे सम्म दान प्रदान भयो र ११ बजे भोजन दान।
(११) १२ बजे पछि उपासकहरुलाई भोजनको व्यवस्था गरिएको थियो।

## गुरुङको प्रतिमा अनावरण

कास्की जिल्ला अन्तर्गत पुम्दी भुम्दी गा.वि.स.को अनदु मीन थुम्कीमा निर्मित विश्व शान्ति स्तूपको प्राङ्गणमा शान्ति स्तूपका संस्थापकहरु मध्येका एक तथा दाता श्री मीन बहादुर गुरुङको प्रतिमा कार्तिक २० गतेका दिन धार्मिक पूजाका साथ जापानको भिक्षु शान्ति सुगेयले अनावरण गर्नुभयो।

त्यस दिन सम्पन्न तेश्रो वार्षिक पूजा समारोहमा जापानका भिक्षु, उपासक उपासिकाहरु, नेपालका भिक्षु, अनगारिका, उपासक उपासिकाहरु र विद्यालयका छात्रछात्राहरुको उपस्थिति थियो।

अनावरण पश्चात भिक्षु शान्ति सुगेयले पहिले स्तूप वनाउनमा पूर्व उप मन्त्री मीन बहादुर गुरुङले गर्नु भएको अथक परिश्रमको स्मरण गर्दै उहाँ एक कर्मठ, परिश्रमी, निडर र निर्भिक व्यक्ति हुनु हुन्थ्यो भन्नुभयो।

सभापतिको आसनवाट विश्व शान्ति स्तूप समितिका अध्यक्ष कृष्ण बहादुर गुरुङले स्तूप निर्माण गर्दा आफ्ना पिताजी मीन बहादुर गुरुङ र आफू शान्ति सुरक्षा ऐन अन्तर्गत जेल वस्नु परेको र तात्कालीन सरकारले अत्याचार पूर्वक स्तूप भत्काई दिएको वताउनु भयो। उहाँले प्रजातन्त्र आए पछि स्तूपको पुन

निर्माण भै आज तेश्रो वार्षिक पूजा समेत भएको र यसै वेला संस्थापक गुरुङज्यूको प्रतिमा अनावरण गराउन पाएकोमा सन्तोष व्यक्त गर्नु भयो ।

शान्ति स्तूप समितिका सचिव तिलकमान गूभाजूले समितिको तर्फबाट प्रतिमामा फूलको माला लगाइ दिनु भएको थियो । त्यसवेला श्री गुरुङका परिवारजनले पनि पुष्पमाला लगाएर श्रद्धाञ्जली अर्पण गर्नु भएको थियो ।

समारोहमा भिक्षु मोरियाका सोनीले स्वागत भाषण गर्नु भएको थियो ।

गुरुमा थेरवादी पूजा, महायानी पूजा निप्पोनजान म्योहोजीद्वारा सूत्रपात र पूजा गरिएको थियो । त्यस अवसरमा ग्लाइडरवाट पुष्पवृष्टि गरिएको थियो ।

## ध्यान भावना

कार्तिक २८ गते, पोखरा / मैत्री संघ, नारायण स्थान नदीपुर पोखराको आयोजनामा गत कार्तिक २५ र २६ गते २ दिवशीय वाल आनापाना ध्यान शिविर सुसम्पन्न भयो । शाक्य समाज भवन नदीपुरमा सञ्चालित उक्त बाल ध्यान शिविरमा मैत्री शिक्षा समूहका ४० जना वालवालिका र एस.ओ.एस. बाल ग्राम रामघाटका ३२ जना बाल वालिका गरी कूल ७२ जना वाल वालिकाहरु सहभागी थिए । जस मध्ये २६ जना वालक र ४६ जना वालिकाहरु औषत १० वर्ष देखि १४ वर्ष उमेर सम्मका थिए । अपवाद स्वरुप ३/४ जना वालक वालिकाहरु ७ देखि ९ वर्ष सम्मका थिए ।

उक्त ध्यान शिविर नेपाल विपश्यना केन्द्र, काठमाण्डौबाट आउनु भएका सहायक आचार्य बुद्ध लक्ष्मी वैद्यज्यूको आचार्यत्वमा सुसम्पन्न भएको थियो । शिविर सञ्चालनार्थ सहायक आचार्य द्वय रत्न देवी शाक्य, महेन्द्र वज्राचार्यको साथै काठमाण्डौबाट धर्म सेवक सुश्री सविना वज्राचार्य, विवेक डंगोल भीम वर सिं थापा र अर्जुन गिरी पनि आउनु भएको थियो ।

स्मरण रहोस्, मैत्री संघ पोखराले विगत ५ वर्ष देखि स्थानीय असहाय र गरीब वाल वालिकाहरुलाई वाल सचेतना कक्षा सञ्चालनका साथै निःशुल्क स्वास्थ्य शिक्षा र यस्तै ध्यान साधनाको अभ्यास गराउँदै आइ रहेको छ ।



मेरा प्रातः स्मरणीय पिताज्यू रत्न वहादुर ताम्राकारको २०५५ आश्विन २४ गते ७५ वर्षको उमेरमा असामयिक निधन भएकोमा म र परिवार जन सबै शोक विह्वल भएका छौं ।

शोकाकुल हाम्रो परिवार प्रति शोध समवेदना प्रकट गर्नुहुने सम्पूर्ण नाता कुटुम्ब इष्टमित तथा शुभचिन्तकहरुमा म मेरा सम्पूर्ण परिवारको तर्फबाट हाकि धन्यावद टक्रउन चाहान्छु र दिवगत पिताज्यूको चिर शान्ति र दिवांण लाभको हार्दिक कामना गर्दछु ।

कृष्ण ताम्राकार
नदीपुर, पोखरा

## धर्मोदय सभा कास्कीको १५औं वार्षिकोत्सव सम्पन्न

पोखरा नादीपुर स्थित धर्मशीला बुद्ध विहारमा धर्मोदय सभा कास्कीको १५औं वार्षिकोत्सव समारोह मनाइयो ।

प्रमुख अतिथिको रुपमा भिक्षु श्रद्धानन्दले भन्नुभयो भिक्षु अमृतानन्दले नेपालका सबै सम्प्रादयका बौद्धहरुलाई एकजुट गराउन धर्मोदय सभाको केन्द्रीय अध्यक्षमा थेरवादी महायानी र वज्रयानीहरुको तर्फबाट पालै पालो अध्यक्ष बनाउने परम्पराको थालनी गरेको हो । यसैगरी बौद्धहरु सधै जागृत हुनु पर्छ, स्वचिन्तन, विवेकशिल हुनुपर्ने जनाउँदै बुद्ध शिक्षामा भडकिलो कम हुनुपर्छ भन्ने सोच लिएर मंगलकामना गरि विवाह गरिदिने कार्य थालनी गरेको विचार व्यक्त गर्नु भयो । शाखाका अध्यक्ष श्री शंकर गुरुङको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा सभाका सल्लाहकारहरु विलबहादुर गुरुङ, प्रकाशमान गुभाजु, ज्ञानमाला संघका अध्यक्ष सुवर्ण वज्राचार्य, मैत्री संघका अध्यक्ष गोविन्द ताम्राकार, उपासिका संघकी सचिव चन्द्रलक्ष्मी गुभाजुले शुभकामना मन्तव्य व्यक्त गर्नुभयो ।

यस अघि सचिव कृष्णमान गुभाजुले वार्षिक प्रतिवेदन र कोषाध्यक्ष श्री कृष्णवहादुर श्रेष्ठले रु. १,५५,५८८/५१ को आय व्यय प्रस्तुत गर्नु भयो भने स्वागत भाषण उपाध्यक्ष पुष्करमान बुद्धाचार्यले गर्नु भएको थियो । प्रकाश उदासले सञ्चालन गर्नु भएको उक्त समारोहको शुरुमा पञ्चशिल बुद्ध पूजा गरिएको थियो भने कार्यक्रमको अन्तमा सभाका आजीवन सदस्य स्व. श्री पूर्णवहादुर गुरुङज्यूको निधन भएकोमा १ मिनेट

## पुस्तकालय सञ्चालन

धर्मशीला बुद्ध विहारमा पहिला देखि आवश्यक महशूस गरिएको पुस्तकालय स्थापन हुने भएको छ । सो उद्देश्यको लागि भाद्र २६ गते त्यहा एउटा समिति पनि गठन गरिएको छ ।

विक्रम बुद्धाचार्यको अध्यक्षमा गठित समितिमा विनोद शाक्य सचिव, सुजाता ताम्राकार कोषाध्यक्ष तथा गोविन्द ताम्राकार, उत्तममान बुद्धाचार्य, सन्देश उदास र विकाश शाक्य सदस्य रहनु भएको छ ।

सो समितिमा ललित रत्न शाक्य र विश्व रत्न शाक्य सल्लाहकार रहनु भएको छ ।

## लुम्बिनीमा डुग्युड छोइलिङ गुम्बाको उद्घाटन

भगवान बुद्धको पवित्र जन्म स्थल लुम्बिनीमा डुग्युड छोइलिङ गुम्बाको मंसीर ६ गतेको दिन उद्घाटन सम्पन्न भयो । गुम्बाको उद्घाटन संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्री बलबहादुर के.सी. र १७औं कर्मापा त्यालवा लामाज्यूले संयुक्त रुपमा गर्नुभयो । सो समारोहमा भिक्षुहरु, लामाहरु, गुभाजुहरु, धर्मोदय सभाका पदाधिकारीहरुको उपस्थिति थियो ।

मन्त्री के.सी.ले गुम्बाको उद्घाटन गर्न पाएको सन्तोष व्यक्त गर्नु भयो । उहाँले लुम्बिनीमा अब छिट्टै मायादेवी मन्दीरको निर्माण हुने कुरा बताउनु भयो ।

१७औं कर्मापा लामाज्यूले पहिलो पटक भगवान बुद्धको जन्मस्थलमा पदार्पण गर्न पाएकोमा सन्तोष र खुसी व्यक्त गर्नु भयो ।

समारोहमा लामा साङ्पा रिम्पोचेले आफ्नो अग्रसारितामा धर्मोदय सभाले उपलब्ध गरिदिएको जग्गामा गुम्बा बनाउन पाएको आफ्नो सौभाग्य भएको बताउनु भयो ।

धर्मोदय सभाका अध्यक्ष लोकदर्शन वज्राचार्यले गुम्बा महत्वपूर्ण भएको र यसले नेपालको गौरव बढ्ने कुरा उल्लेख गर्नु भयो ।

समारोहमा प्रमुख अतिथिहरुलाई उपहारहरु प्रदान गरिएको थियो ।

समारोहको सुरुमा महायानी पूजा, थेरवादी पूजा र वज्रयानी पूजाहरु गरिएको थियो ।

*धर्मशीला बुद्ध विहारका संस्थापक अनागारीका धर्मशीला गुरुमाको*

## १५औं पूण्य तिथिमा

## गुरुमाको गुणानुस्मरण गर्दै

हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु

र

**उहाँको निर्वाणलाभको कामना गर्दछु ।**

*****

**अनागारीका कर्मशीला**

धर्मशीला बुद्ध विहार

**पोखरा**

श्रद्धेय अनगारीका

**धर्मशीला गुरुमाको १५औं पूण्य तिथिमा**

उहा प्रति हार्दिक श्रद्धाञ्जली

व्यक्त गर्दछु ।

*****

**ज्ञानमाला संघ परिवार**

धर्मशीला बुद्ध विहार

**पोखरा**

**बौद्ध अर्घौ सदनका पूर्व अध्यक्ष**

मेजर पूर्ण बहादुर गुरुङका

*६९औं वर्षमा असामयिक निधन भएकोमा*

**हामीलाई ज्यादै दु:ख लागेको छ । दु:खको यस घडीमा हामी उहाँको शोकाकुल परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दछौं र उहाँको निर्वाणलाभको कामना गर्दछौं ।**

*******

धर्मशीला बुद्ध विहार परिवार

**पोखरा**



*का.जि.दर्ता नं.:- २१/०५२/०५३*    *हुलाक दर्ता नं.:- ३३/०५३/०५४*